मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

**रेशम चौधरीको उम्मेदवारी खारेज**



समाचार पृष्ठ ५ मा

● वर्ष ४ ● अंक ६९ ● २०८२ साल माघ ०९ गते शुक्रवार ● Friday 23, January 2026 ● सूर्योदयः बिहान ०६:५४ बजे ● सूर्यास्तः साँझ ५:४० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# धनुषामा १५८ उम्मेदवार मैदानमा
## निर्णायक लडाइँ दलहरूकै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि धनुषाका चारवटै निर्वाचन क्षेत्रमा १ सय ५८ जना उम्मेदवार चुनावी मैदानमा छन् । तीमध्ये १ सय ३ जना स्वतन्त्र उम्मेदवार छन् भने बाँकी राजनीतिक दलका उम्मेदवार हुन् । यति ठूलो संख्यामा स्वतन्त्र उम्मेदवार मैदानमा भए पनि धनुषाको कुनै पनि निर्वाचन क्षेत्रमा उनीहरूको जित्ने सम्भावना न्यून देखिएको छ । चारवटै निर्वाचन क्षेत्रमा राजनीतिक दलका उम्मेदवारहरूकै जित लगभग निश्चित देखिन्छ ।

धनुषाका चार निर्वाचन क्षेत्रमध्ये क्षेत्र नम्बर २, ३ र ४ मा नेकपा एमाले र नेपाली कांग्रेसका उम्मेदवार मजबुत अवस्थामा देखिएका छन् भने निर्वाचन क्षेत्र नम्बर १ मा भने नेपाली कम्युनिस्ट पार्टी, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बीच कडा प्रतिस्पर्धा हुने सम्भावना देखिएको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्बर १ मा ४२ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । तीमध्ये २९ जना स्वतन्त्र उम्मेदवार हुन् । यस क्षेत्रमा मुख्य रूपमा नेकपाका उम्मेदवार मातृका प्रसाद यादव, जसपा नेपालका दीपक कार्की, नेपाली कांग्रेसका रामपल्टन साह, नेकपा एमालेका रामचन्द्र मण्डल र रास्वपाका किशोरी साह कमलबीच कडा प्रतिस्पर्धा हुने अनुमान गरिएको छ ।

धनुषा–१ को विगतका निर्वाचन परिणाम हेर्दा मतपरिणाम मिश्रित देखिन्छ । २०७४ सालको निर्वाचनमा तत्कालीन माओवादी केन्द्रबाट मातृका प्रसाद यादव विजयी भएका थिए । निर्वाचनमा उनका निकटतम प्रतिस्पर्धी तत्कालीन संघीय समाजवादी फोरमका उम्मेदवार दीपक कार्की थिए भने नेपाली कांग्रेसका उम्मेदवार आनन्द ढुंगाना तेस्रो स्थानमा सीमित भएका थिए । निर्वाचनमा एमालेले माओवादी केन्द्रका उम्मेदवार यादवलाई समर्थन गरेको थियो ।

२०७९ सालको निर्वाचनमा भने जसपा नेपालका उम्मेदवार दीपक कार्की विजयी भएका थिए । उनका निकटतम प्रतिस्पर्धी तत्कालीन माओवादी केन्द्रका उम्मेदवार मातृका प्रसाद यादव थिए भने जनमत पार्टीका किशोरी साह कमल तेस्रो स्थानमा थिए । यस निर्वाचनमा पनि एमालेले आफ्नो उम्मेदवार नउठाई जसपा नेपालका कार्कीलाई समर्थन गरेको थियो ।

पछिल्ला दुई निर्वाचनको परिणामलाई आधार मान्दा धनुषा–१ मा यसपटक पनि नेकपाका मातृका प्रसाद यादव र जसपा नेपालका दीपक कार्कीबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ । यद्यपि यसपटक एमालेले भने आफ्नै उम्मेदवार खडा गरेको छ । एमालेले मधेश प्रदेशसभाका पूर्व सभामुख रामचन्द्र मण्डललाई चुनावी मैदानमा उतारेको छ । अघिल्ला दुई निर्वाचनमा समर्थन गरेका उम्मेदवारले जित निकालेकाले एमालेका उम्मेदवार मण्डललाई कमजोर आकलन गर्न नसकिने अवस्था छ ।

त्यस्तै, २०७९ को निर्वाचनमा जनमत पार्टीबाट उम्मेदवारी दिई तेस्रो स्थानमा सीमित भएका किशोरी साह कमल यसपटक रास्वपाबाट उम्मेदवार बनेका छन् । उनको उम्मेदवारीले धनुषा–१ को प्रतिस्पर्धालाई थप रोचक बनाएको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्बर २ लाई परम्परागत रूपमा नेपाली कांग्रेसको गढ मानिँदै आएको छ । तर पछिल्ला निर्वाचन परिणामले यो धारणा पूर्ण रूपमा सही नरहेको देखाएको छ । २०७४ सालको निर्वाचनमा यस क्षेत्रबाट तत्कालीन

बाँकी पृष्ठ २ मा

# मधेश प्रदेशसभाः
## तीन निलम्बन, चारको राजीनामा



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशसभामा प्रदेश सभा सदस्यको संख्या घटेको छ । १ सय ७ सदस्यीय मधेश प्रदेशसभाका तीनजना निलम्बनमा र चार जनाले राजीनामा दिएपछि एक सय सदस्य कायम भएको हो । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको उम्मेदवारी दर्ता गर्नुअघि चारजना प्रदेश सभा सदस्यले राजीनामा दिएका थिए । राजीनामा दिनेमा निवर्तमान सभामुख, नेकपा एमालेका रामचन्द्र मण्डल, पूर्वमुख्यमन्त्री जनमत पार्टीका सतिश कुमार सिंह, नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरतप्रसाद साह र माओवादी केन्द्रकै रहवर अन्सारी छन् । उनीहरु प्रतिनिधिसभा सदस्यको निर्वाचनमा होमिएका छन् ।

यसअघि भ्रष्टाचार मुद्दा दायर भएपछि नेकपा एमालेका दिपेन्द्र ठाकुर, जनता समाजवादी पार्टी (जसपा) नेपालका सरोज सिंह कुशवाहा र मधेश आन्दोलनको क्रममा सशस्त्र प्रहरीका असई थमन विकको हत्या प्रकरणमा महोत्तरी जिल्ला अदालतबाट जन्मकैदको सजाय पाएपछि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अभिराम शर्मा निलम्बनमा परेका थिए । प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार बन्न राजीनामा दिएका तथा भ्रष्टाचार र अन्य मुद्दाका कारण निलम्बनमा परेका सबै प्रदेशसभा सदस्य प्रत्यक्षबाट निर्वाचित भएका थिए ।

प्रदेशसभा सदस्यबाट राजीनामा दिएका निवर्तमान सभामुख मण्डल एमालेको तर्फबाट धनुषा निर्वाचन क्षेत्र नम्बर १ बाट, पूर्वमुख्यमन्त्री सिंहले पार्टी फेर्दै स्वभिमान पार्टीबाट सप्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट, माओवादी केन्द्रका साहले महोत्तरी निर्वाचन क्षेत्र नम्बर ४ बाट र रहवर अन्सारीले राष्ट्रिय स्वतन्त्र पार्टीबाट बारा निर्वाचन क्षेत्र नम्बर ४ बाट उम्मेदवार बनेका छन् ।

७ जना प्रदेशसभा सदस्य घटे पनि अहिले मधेश प्रदेशसभामा नेकपा एमाले नै सबैभन्दा ठूलो दल रहेको छ । यद्यपि जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टीबीच एकता भएकाले सम्पूर्ण प्रक्रिया पूरा भएपछि जसपा नेपाल ठूलो दल हुने छ । हाल मधेश प्रदेशसभामा एमालेका २३, नेपाली कांग्रेसका २२, जसपा नेपालका १८, जनमत पार्टीका १२, लोसपाको ८, माओवादी केन्द्र र नेकपा एसका ७–७ तथा राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीका १–१ जना प्रदेशसभा सदस्य छन् ।

# सप्तरी २ मा एक्लिएका राउतविरुद्ध पूर्व सहकर्मीहरु आमनेसामने







**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सप्तरी निर्वाचन क्षेत्र नम्बर २ को चुनाव यसपटक पनि अत्यन्तै रोचक हुने देखिएको छ । २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा यही क्षेत्रबाट जनमत पार्टीका अध्यक्ष डा. सीके राउत र जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवबीच भिडन्त भएको थियो । चुनावमा यादव पराजित भएका थिए । यसपटक पनि यादवले यही क्षेत्रबाट उम्मेदवारी दिने तयारी गरेका थिए, तर अध्यक्ष राउतले सप्तरी–२ नछाड्ने अडान लिएपछि यादव सप्तरी–३ मा सरेका छन् । सप्तरी–२ मा जसपा नेपालले नेता उमेश यादवलाई उम्मेदवार बनाएको छ ।

यसपटकको चुनावलाई अझ रोचक बनाउने पक्ष भने डा. राउतसँगै काम गरेका दुई प्रभावशाली नेताहरू नै उनका प्रतिस्पर्धीका रूपमा मैदानमा उत्रिनु हो । जनमत पार्टीबाट मधेश प्रदेशका मुख्यमन्त्रीसमेत भइसकेका सतिश सिंहले स्वाभिमान पार्टीबाट राउतविरुद्ध उम्मेदवारी दिएका छन् । त्यस्तै, जनमत पार्टीका प्रवक्तासमेत रहेका र राउतका निकट सहयोगी मानिएका डा. शरतसिंह यादवले आफ्नै नेतृत्वमा गठन गरेको जनअधिकार पार्टीबाट राउतविरुद्ध उम्मेदवारी दिएका छन् । संयोगवश, पार्टीभित्रकै असन्तुष्टिबाट बाहिरिएका यी दुवै नेता अहिले राउतका प्रत्यक्ष प्रतिस्पर्धी बनेका छन् ।

सतिश सिंह जनमत पार्टीबाट मुख्यमन्त्री बनेका थिए । जेन्जी आन्दोलनपछि अध्यक्ष राउतले उनलाई मुख्यमन्त्री पदबाट राजीनामा दिन बाध्य पारेका थिए । आन्दोलन मत्थर भएपछि सतिश पुनः मुख्यमन्त्रीमै रहन चाहन्थे, तर राउतको दबाबमा उनलाई पदबाट हटाइयो । यही घटनाक्रमसँगै सतिशले पार्टी छाडेका थिए । पछि सर्वोच्च अदालतले 'जनमत पार्टी नेपाल'लाई मान्यता नदिएपछि उनी पुनः जनमतमै फर्किएका थिए । तर उम्मेदवारी दर्ताको एक दिनअघि मधेश प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएर उनले स्वाभिमान पार्टीबाट राउतविरुद्ध उम्मेदवारी दिएका छन् ।

शरतसिंह यादवले पनि अध्यक्ष राउतकै कारण पार्टी छाडेका थिए । जेन्जी आन्दोलनपछि नेतृत्व परिवर्तन आवश्यक भएको भन्दै उनले राउतको राजीनामा मागेका थिए । तर राउतले राजीनामा दिनुको साटो उनलाई नै पार्टी छाड्न वा कारबाही भोग्न चेतावनी दिएपछि शरतसिंहले जनअधिकार पार्टी गठन गरेका थिए ।

सतिश र शरतसिंहको उम्मेदवारीले डा. राउत कमजोर हुने र त्यसको प्रत्यक्ष फाइदा जसपा नेपालका उम्मेदवार उमेश यादवलाई पुग्ने विश्लेषण सप्तरी–२ मा भइरहेको छ । २०७९ को निर्वाचनमा राउतले यस क्षेत्रबाट ३५ हजार ४२ मत ल्याएर जित हासिल गरेका थिए भने उपेन्द्र यादवले १६ हजार ९ सय ७९ मत मात्र पाएका थिए । तत्कालीन लोसपाका उम्मेदवार जेपी ठाकुरले सात हजार ३ सय ४७ मत ल्याएका थिए । हाल जसपा नेपाल र लोसपा एकीकृत भइसकेका छन् ।

गत निर्वाचनमा नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) ले लोसपालाई र नेकपा एमालेले जसपा नेपाललाई समर्थन गरेका थिए । तर यसपटक कुनै पनि दलबीच गठबन्धन छैन । सबै दल आआफ्नै बलमा चुनावी मैदानमा उत्रिएका छन् । नेपाली कांग्रेसबाट रामकुमार यादव, नेकपा एमालेबाट मो. जियाउल रहमान, नेकपाबाट सूर्यनाथ यादव उम्मेदवार बनेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीबाट रामजी यादव, नेपाल जनता पार्टीबाट रञ्जुकुमारी झा, श्रम संस्कृति पार्टीबाट त्रिभुवन खंग, उज्यालो नेपाल पार्टीबाट दीपक चौधरी र जनता लोकतान्त्रिक पार्टी नेपालबाट बलराम यादवले पनि उम्मेदवारी दिएका छन् ।

क्षेत्रको प्रारम्भिक प्रतिक्रियाअनुसार ३२ उम्मेदवार भए पनि मुख्य प्रतिस्पर्धा डा. राउत, सतिश सिंह र जसपा नेपालका उम्मेदवार उमेश यादवबीच नै सीमित हुने देखिन्छ । सतिश सिंह २०७४ मा तत्कालीन राजपा नेपालबाट तिलाठी कोइलाडी गाउँपालिका अध्यक्षमा निर्वाचित भएका थिए । २०७९ मा जनमत पार्टीबाट सप्तरी–२ (२) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका उनी स्थापित राजनीतिक पृष्ठभूमि भएको परिवारका हुन् । उनका बुवा लोसपा नेपालबाट राष्ट्रियसभा सदस्य भइसकेका छन् । २०७९ को प्रदेशसभा निर्वाचनमा सतिशले १६ हजार ७ सय ३७ मत ल्याउँदा उनका निकटतम प्रतिस्पर्धी जसपा नेपालका शैलेन्द्र साहले आठ हजार २ सय ९२ मत मात्र पाएका थिए ।

सतिश सिंह आफू राउतविरुद्ध चुनाव नलडेको दाबी गर्छन् । उनका अनुसार राउतको विगतको जित सहयोगीहरूको बलमा सम्भव भएको थियो र यसपटक त्यो समर्थन नरहेकाले उनलाई जित कठिन हुने छ । राउतको पक्षमा अहिले को छन् भनेर क्षेत्रमै आएर हेर्न सकिने उनको भनाइ छ ।

जसपा नेपालका उम्मेदवार उमेश यादवले पनि सप्तरी–२ मा पटकपटक चुनावी प्रतिस्पर्धा गरिसकेका छन् । २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा विजयी भएका उमेश २०७४ मा उपेन्द्र यादवसँग पराजित भएका थिए । २०७९ मा पनि सप्तरी–२ (२) बाट प्रदेशसभा सदस्यका लागि चुनाव लडेका उनी जनमत पार्टीका महेश यादवसँग पराजित भएका थिए । महेशले माओवादी छाडेर जनमत पार्टीबाट चुनाव जितेका थिए भने यसपटक उमेश पनि पार्टी परिवर्तन गर्दै जसपा नेपालबाट राउतविरुद्ध मैदानमा उत्रिएका छन् ।

डा. राउतका लागि यो दोस्रो प्रतिनिधिसभा चुनाव हो । मधेशलाई अलग राज्य बनाउनुपर्ने वकालत गर्दै आएका राउत २०७५ मा तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारसँग ११ बुँदे सम्झौता गरेर मूलधारको राजनीतिमा आएका थिए । २०७९ को चुनावमा वैकल्पिक शक्तिका रूपमा उदाएका राउतको पार्टीले एक प्रत्यक्ष र पाँच समानुपातिक सिटसहित राष्ट्रिय दलको मान्यता पाएको थियो । तर पार्टी गठन भएको सात–आठ वर्षमै जनमत पार्टी विभाजनको अवस्थामा पुगेको छ र धेरै नेता राउतको साथ छाडेर बाहिरिएका छन् ।

# न्याय दिने नाममा होटलमा बोलाएर वकिलबाटै करणी ?



**मधेशदृष्टि**
**बारा ।**
कानून र न्यायको रक्षा गर्ने पेशामै आबद्ध वकिलमाथि नै जबरजस्ती करणीको गम्भीर आरोप दर्ता भएको छ । पीडित महिलाको उजुरीका आधारमा वकिल एकरामुल हकविरुद्ध इलाका प्रहरी कार्यालय सिमरामा जबरजस्ती करणी सम्बन्धी मुद्दा दर्ता भई अनुसन्धान अघि बढाइएको हो ।

प्रहरी स्रोतका अनुसार जिल्ला अदालतमा चलिरहेको मुद्दामा कानूनी पैरवी गरिदिने बहानामा पीडित महिलालाई सिमरास्थित होटलमा बोलाइएको र त्यहीँ जबरजस्ती करणी गरिएको आरोप उजुरीमा उल्लेख छ । कानूनले संरक्षण दिनुपर्ने व्यक्तिबाटै यस्तो गम्भीर आरोप सार्वजनिक हुनु व्यक्तिगत अपराधको विषय मात्र नभई सम्पूर्ण न्याय प्रणालीमाथिको गम्भीर प्रहारका रूपमा हेरिएको छ ।

इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक बेदप्रकाश जोशीका अनुसार अभियुक्त भनिएका वकिल हकलाई माघ ५ गते पक्राउ गरी मुद्दा दर्ता गरिएको हो । घटनासम्बन्धी थप अनुसन्धानका लागि बारा जिल्ला अदालतबाट बिहीबार ३ दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पीडितको बयान, घटनास्थलसँग सम्बन्धित प्रमाण संकलन तथा अन्य कानूनी प्रक्रिया कानूनअनुसार अघि बढाइएको छ । अनुसन्धान निष्पक्ष र प्रमाणमा आधारित हुने प्रहरीको दाबी छ ।

# १२ दिने एकीकृत परिवार व्यवस्थापन शिविर सञ्चालन हुँदै

**धादिङ।**
जनस्वास्थ्य कार्यालयले जिल्लाका विभिन्न आठ पालिकामा पायक पर्ने स्थानमा एकीकृत परिवार व्यवस्थापन शिविर (परिवार नियोजन स्थायी बन्ध्याकरण शिविर) सञ्चालन गर्ने भएको छ। स्थानीय पालिकाको समन्वय, सहकार्यमा सुनौलो परिवार नेपाल–मेरी स्टोप्स (एमएसआई)को प्राविधिक सहयोगमा माघ १३ गतेदेखि माघ २५ गतेसम्म ती पालिकाभित्रका विभिन्न स्वास्थ्य सस्थामा शिविर सञ्चालन हुने जनस्वास्थ्य कार्यालयद्वारा जारी सूचनामा उल्लेख छ।

सूचनाका अनुसार शिविर बेनीघाट गाउँपालिकास्थित बेनीघाट आधारभूत अस्पतालमा माघ १३, धुनेबेसी नगरपालिकास्थित नौबिसे स्वास्थ्य चौकीमा माघ १५, थाक्रे गाउँपालिकास्थित महादेवबेसी स्वास्थ्य चौकीमा माघ १८ गते, गल्छि गाउँपालिकास्थित बैरेनी अस्पतालमा माघ १९ गते, गजुरी गाउँपालिकास्थित गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा माघ २० गते, सिद्धलेक गाउँपालिकास्थित कुम्पुर स्वास्थ्य चौकीमा माघ २२ गते, त्रिपुरासुन्दरी गाउँपालिकास्थित सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्रमा माघ २४ गते र नीलकण्ठ नगरपालिकास्थित धादिङ अस्पतालमा माघ २५ गते सञ्चालन हुने जनाइएको छ । शिविरमा परिवार योजनाका सम्पूर्ण साधनको सेवा निःशुल्क उपलब्धता हुनेछन् । ती सेवाअन्तर्गत परिवार योजनाका स्थायी माध्यम 'मिनील्याप' (महिला बन्ध्याकरण), 'भ्यासेक्टोमी' (पुरुष बन्ध्याकरण), परिवार योजनाका लामो अवधि काम गर्ने आइयुसिडी, इम्प्लान्ट र छोटो अवधि काम गर्ने परिवार योजनाका साधन तीनमहिने सुई (डिपो), खानेचक्की पिल्स र कण्डम छन्।

'एकीकृत परिवार योजना शिविर' स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखाले पछिल्ला वर्षहरूमा परिवार व्यवस्थापन सेवाअन्तर्गत विशेष गरेर एकीकृत परिवार योजना शिविर सञ्चालन गर्न सेवाप्रदायक सस्थासँग समन्वयात्मक र साझेदारी नीति अवलम्बन गरेको छ।

जिल्ला जनस्वास्थ्य–स्वास्थ्य कार्यालयले पालिका तहसँग समन्वय गर्दै आफ्ना संयन्त्रमार्फत आवश्यक सेवाग्राही पहिचान गर्ने र परिवार व्यवस्थापन सेवा प्रदान गर्ने निकायले सेवाग्राहीलाई पायक पर्ने स्थानमै एकीकृत परिवार योजना शिविर सञ्चालनमा स्वास्थ्य कार्यालयलाई प्राविधिक सहयोग पुर्याउने समझदारीको ढाँचा रहेको परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखाले जनाएको छ । यसबाट परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदर बढाउन परिवार व्यवस्थापनका सेवालाई अझ सुदृढ बनाउन सहयोग पुग्ने जनाइएको छ।

जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (२०२२) का अनुसार परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदर ५३ प्रतिशतमा सीमित छ । आधुनिक परिवार योजना (नियोजन) सेवाको प्रयोगदर ४२.८ भन्दा माथि उक्लिन सकेको छैन। अझै प्रजनन उमेरका २३.७ महिलाले परिवार नियोजनको सेवा उपलब्ध गर्न पाएका छैनन्। अर्कातर्फ नेपालमा जन्मदर घट्नु र असुरक्षित गर्भपतन बढ्नु चिन्ताको विषय मानिएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार नेपालका कुल ३५ प्रतिशत किशोरीको १८ वर्ष उमेर नपुग्दै र १० प्रतिशतको १५ वर्ष उमेरभित्र विवाह हुने गरेको छ । त्यसैगरी, विवाहको कानुनी उमेर २० वर्ष भए पनि ४१ प्रतिशत महिलाको १० देखि १८ वर्षको उमेरमा र ७६ प्रतिशतको २० वर्षको उमेरमा विवाह भएको पाइन्छ । नेपालमा १५–१९ उमेर समूहका १४ प्रतिशत किशोरी आमा वा गर्भवती भइसकेका हुन्छन्।

परिवार योजना आवश्यक पर्ने दम्पती एवं अन्य महिलालाई लक्षित गरेर स्वास्थ्य मन्त्रालयले हरेक वर्ष निःशुल्क एकीकृत परिवार योजना शिविर सञ्चालन गर्दै आएको छ । परिवार व्यवस्थापन कार्यक्रमसहित शिविरका लागि कम लगानी गरिँदा परिवार योजना कार्यक्रम नै सङकटमा परेको छ। मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जिल्ला जनस्वास्थ्य– स्वास्थ्य कार्यालयले पालिका तहसँग समन्वय गर्दै आफ्ना संयन्त्रमार्फत परिवार योजना आवश्यक पर्ने सेवाग्राही पहिचान गर्ने र परिवार व्यवस्थापन सेवा प्रदान गर्ने निकायले सेवाग्राहीलाई पायक पर्ने स्थानमा एकीकृत परिवार योजना सेवा शिविर आयोजना गर्ने समझदारीका ढाँचामा सेवा प्रदान गर्ने नीति अवलम्बन गरिएको र यसबाट सेवाप्रवाह प्रभावकारी र चुस्त भएको जानकारी दिए।

परिवार योजना एवम् सुरक्षित गर्भपतन सेवा प्रदान गर्दै आएको एमएसआई नेपालका वरिष्ठ सल्लाहकार केपी उपाध्याय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखाले परिवार व्यवस्थापन सेवाअन्तर्गत एकीकृत परिवार योजना शिविर सञ्चालनको 'मोडालिटी'ले विशेष गरेर विपन्न समुदायसम्म परिवार योजनाको सेवाको पहुँच पुर्याउने काम गरेको जानकारी दिए । उन भन्छन्, 'हामी जिल्ला जनस्वास्थ्य–स्वास्थ्य कार्यालयले पालिका तहहरूसँग समन्वय र सहकार्यमा शिविर सञ्चालन गर्न प्राविधिक सहयोग गर्दछौँ। यसका लागि ती निकायसँग समझदारी गर्दछौँ । ग्रामीण क्षेत्रका गरिब, बिपन्न , सीमान्तकृत समुदायसम्म परिवार योजनाका सेवाको पहुँच पुर्याउन लागिरहेका छौँ।'

उनका अनुसार समझदारीमा कुन निकायले के सेवा प्रदान गर्ने भन्ने कुरा स्पष्ट उल्लेख गरिएका हुन्छन्। पालिका तहले आवश्यकताका आधारमा शिविर सञ्चालन गर्ने, स्थान छनोट गर्ने, यसका बारेमा सेवाग्राहीलाई घरदैलोमा नै पुगेर शिविरका बारेमा जानकारी दिने र सुनौलो परिवार नेपालका 'मेडिकल टिम'मार्फत सेवा प्रदान गर्ने अवधारणाले सेवा प्रदान भइराखेको वरिष्ठ सल्लाहकार उपाध्यायले जानकारी दिए।

संस्थाले अहिले सातवटै प्रदेशलाई समेट्नेगरी नौवटा 'मेडिकल टिम' परिवार योजनाका शिविरमा परिचालन गरेको छ। २० वर्षभन्दा कम उमेरमा विवाहलाई अन्त्य, परिवार योजनाका साधनमा पहुँच पुर्याउन, सुरक्षित गर्भपतन सेवालाई विस्तार र यौन तथा प्रजनन स्वास्थ्य चेतनामा अभिवृद्धि गर्न अझै पनि चुनौती छ ।

# धनुषामा १५८ उम्मेदवार...

संघीय समाजवादी फोरमका उमाशंकर अरगरियाले जित निकालेका थिए । उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका रामकृष्ण यादव थिए भने तत्कालीन माओवादी केन्द्रका रामचन्द्र झा तेस्रो स्थानमा सीमित भएका थिए ।

२०७४ मा फोरमबाट विजयी भएका अरगरिया २०७९ को निर्वाचनअघि एमाले प्रवेश गरेका थिए । तर २०७९ को निर्वाचनमा उनी कांग्रेसका उम्मेदवार रामकृष्ण यादवसँग पराजित भएका थिए । यो निर्वाचनमा पनि रामचन्द्र झा तेस्रोस्थानमैसीमित भएकाथिए।

यसपटक धनुषा–२ मा एमालेबाट उमाशंकर अरगरिया र नेकपाबाट रामचन्द्र झा पुनः उम्मेदवार बनेका छन् भने कांग्रेसले नयाँ अनुहारका रूपमा दिनेश प्रसैला यादवलाई मैदानमा उतारेको छ । कांग्रेसको संगठनात्मक पकड बलियो भएकाले प्रसैला मजबुत उम्मेदवार मानिन्छन् भने अरगरियाको पनि क्षेत्रमै राम्रो प्रभाव रहेकाले यस निर्वाचनमा एमाले र कांग्रेसबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा कुनै एक दलको स्थायी पकड नरहेको तथ्य पछिल्ला निर्वाचन परिणामहरूले देखाएका छन् । २०७४ सालको निर्वाचनमा तत्कालीन राजपाका उम्मेदवार राजेन्द्र महतोले कांग्रेसका विमलेन्द्र निधिलाई पराजित गर्दै जित निकालेका थिए । २०७९ सालको निर्वाचनमा एमालेकी उम्मेदवार जुलीकुमारी महतोले लोसपाका अनिलकुमार झालाई पराजित गर्दै विजयी भएकी थिइन् । निर्वाचनमा कांग्रेसले उम्मेदवार नउठाई झालाई समर्थन गरेको थियो । यसपटक भने कांग्रेसका उम्मेदवार विमलेन्द्र निधि र एमालेकी जुलीकुमारी महतोबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ । त्यसमाथि रास्वपाका प्रवक्ता मनिष झाको उम्मेदवारीले प्रतिस्पर्धा थप रोचक बनेको छ । अघिल्लो निर्वाचनमा रास्वपाको उपस्थिति कमजोर रहे पनि यसपटक उल्लेख्य मत ल्याउने सम्भावना देखिएको छ । यद्यपि स्थानीयस्तरमा कांग्रेस र एमालेबीचकै मुख्य प्रतिस्पर्धा रहने आकलन गरिएको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ४ मा भने एमाले र कांग्रेसबीच लामो समयदेखि कडा प्रतिस्पर्धा हुँदै आएको छ । पछिल्ला दुई निर्वाचनमा एमाले उपमहासचिव रघुवीर महासेठले कांग्रेसका उम्मेदवार महेन्द्र यादवलाई पराजित गर्दै लगातार जित निकाल्दै आएका छन् । पहिले कांग्रेसको पकड बलियो मानिएको यस क्षेत्रमा महासेठको आगमनसँगै एमालेको स्थिति क्रमशः मजबुत बन्दै गएको छ ।

यस पटक पनि महासेठ हैट्रिक जितको लक्ष्यसहित मैदानमा छन् भने अघिल्लो निर्वाचनमा झिनो मतान्तरले पराजित भएका महेन्द्र यादव बदला लिने दाउमा छन् । त्यसैले धनुषा–४ मा पनि एमाले र कांग्रेसबीच कडा प्रतिस्पर्धा हुने निश्चितप्रायः देखिएको छ ।

# प्रदेश प्रमुखद्वारा प्रशिक्षण र अनुभवमाथि जोड

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले कक्षा कोठामा मात्र प्रदान गरिने ज्ञानलाई पूर्ण शिक्षा मान्न नहुने बताएका छन् । जनकपुरधामस्थित याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय ज्ञानकुपले आयोजना गरेको बृहत् शैक्षिक मेलाको अवलोकन गर्दै प्रदेश प्रमुख लाभले यस्तो कार्यक्रम समय–समयमा आयोजना हुनु आवश्यक रहेको बताए । उनका अनुसार, शिक्षा केवल कक्षा कोठामा बस्नाले पूरा हुँदैन, अध्ययन कक्षा कोठा भित्र र बाहिर दुवै गतिविधिमा सहभागी भई मात्र पूर्ण हुन्छ । त्यसैले प्रत्येक सामुदायिक विद्यालयले पनि आ–आफ्नो विद्यालयमा यस्ता शैक्षिक मेला आयोजना गर्नुपर्ने सुझाव उनले दिएका छन् ।

विद्यालयका प्रधानाध्यापक संजय झाले भने, 'शैक्षिक मेलाको उद्देश्य विद्यार्थीले कक्षा कोठामा सिकाएको ज्ञान कति ग्रहण गरे भन्ने बुझ्नु हो ।' मेलामा खेलकुद तथा विविध गतिविधिहरू समावेश गरिए पनि विद्यार्थीहरूको वास्तविक सहभागिता र ज्ञान ग्रहणलाई प्राथमिकतामा राखिएको छ । याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय ज्ञानकुपले आयोजना गरेको यस मेला २० वटा स्टलमा केन्द्रित भए पनि ४७ जना विद्यार्थीहरूले सक्रिय सहभागिता जनाएका थिए, प्रधानाध्यापक झाले जानकारी दिएका छन् ।

# प्याब्सन अन्तरविद्यालय क्रिकेट प्रतियोगिता सुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा बिहीबारदेखि दशौँ संस्करणको प्याब्सन अन्तरविद्यालय क्रिकेट प्रतियोगितासुरु भएको छ । वीरगंजस्थित टीबी शाह क्रिकेट मैदानमा सुरु भएको प्रतियोगिताको उद्घाटन गैरआवासीय नेपाली संघ (एनआरएनए) का पूर्व अध्यक्ष डा. उपेन्द्र महतोले गरेका थिए । उद्घाटन समारोहलाई सम्बोधन गर्दै डा. महतोले नेपालको बौद्धिकता पलायन रोक्न स्वदेशमै निजी क्षेत्रको लगानी अपरिहार्य रहेको बताए । उदघाटन समारोहमा विद्यार्थीहरूले 'स्टप ब्रेन ड्रेन' लेखिएको प्लेकार्ड प्रदर्शन गरेकोप्रति उनले प्रशंसा गरे । साथै कठिन परिस्थितिमा पनि निजी लगानीमार्फत शिक्षाको स्तर उकास्न प्याब्सनले खेलेको भूमिकाको विशेष सराहना गरे ।

प्याब्सन पर्साका अध्यक्ष सरोज प्रसाद चौधरीको अध्यक्षतामा सम्पन्न समारोहमा पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, प्याब्सनका केन्द्रीय उपाध्यक्ष सुवाष श्रेष्ठ, नेपाल क्रिकेट संघ (क्यान) का सचिव रोशन सिंहलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# वीरगंज हुँदै ४८ अर्ब १० करोडको निर्यात

**मधेशदृष्टि**
**वीरगंज ।**
चालु आर्थिक वर्षको छ महिनामा वीरगंज हुँदै रू ४८ अर्ब १० करोड मूल्यका वस्तु तथा सामान विदेशी मुलुक निर्यात भएको छ । गत आवको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाका हुँदै ५२ प्रतिशत अर्थात रू १६ अर्ब ४३ करोड बढीको निर्यात भएको छ ।

गत आवको छ महिनाको अवधिमा भने रू ३१ अर्ब ६७ करोड मूल्य बराबरका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको थियो । वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले गत आवको छ महिनाको तुलनामा चालु आवमा यहाँबाट हुने निर्यात ५२ प्रतिशतले बढेको बताए ।

चालु आवको छ महिनामा रू २५ अर्ब ४२ करोड मूल्यको भटमासको तेल प्रशोधित निर्यात भएको छ । रू तीन अर्ब ४८ करोड मूल्य पर्ने फलफूलको जुस र तीन अर्ब ५५ करोड मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ । त्यस्तै रू दुई अर्ब २५ करोड मूल्यको प्रशोधित पाम तेल निर्यात भएको छ । त्यस्तै रू एक अर्ब ७८ करोड मूल्य पर्ने विभिन्न किसिमका कपडा निर्यात भएको छ ।

# सात किलो गाँजासहित दुईजना पक्राउ

**सर्लाही ।**
अवैध लागुऔषध गाँजासहित सर्लाही प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । मलङ्गवा नगरपालिका–७ स्थित गणेसिया चोकमा चेकजाँचका क्रममा सात किलो ८०० ग्राम गाँजासहित दुई जनालाई पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सरोज राईले पक्राउ पर्नेमा कौडेना गाउँपालिका–१ का १९ वर्षीय निलेश मण्डल र चक्रघट्टा गाउँपालिका–३ का ३२ वर्षीय शेष मोफिज रहेका जानकारी दिए । उनका अनुसार नियमित चेकजाँचमा खटिएको प्रहरी टोलीले भारतीय नम्बरप्लेट भएको बिआर ०६ एबी २७२९ नम्बरको मोटरसाइकलमा सवार निजहरूलाई रोकेर शोधपुछ गरेको थियो ।

सोही क्रममा मण्डल र मोफिज सवार मोटरसाइकलमा सिट आकार बनाएर ल्याइएको अवैध गाँजा प्रहरीले बरामद गरेको हो । प्रहरीका अनुसार निज दुवैले रातो प्लास्टिकमा पोको पारेर गाँजालाई मोटरसाइकलको सिट तल लुकाएर ल्याएका थिए ।

प्रहरीले पक्राउ परेको मोटरसाइकल, चालक मण्डल र पछाडि सवार मोफिजलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको जनाएको छ । दुवै जनाविरुद्ध अवैध लागुऔषध मुद्दामा जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर अनुसन्धान सुरु गरिएको प्रवक्ता राईले बताए ।रासस

# करेन्ट लागेर एकको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा जंगली जानवरबाट बाली जोगाउन खेतमा लगाएको विद्युतीय बारमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा धनुषाधाम नगरपालिका–६ हरिपुर नयाँटोलका ५० वर्षीय चन्देश्वर महतो रहेका छन् ।

स्थानीयय रामचन्द्र महतोले आफ्नो खेतमा लगाएको विद्युतीय बारमा बिहीबार बिहान पौने ११ बजे करेन्ट लागेर उनको मृत्यु भएको प्रहरीले जनाएको छ । चन्देश्वर रामचन्द्रकै खेतमा मजदुरी गर्न गएका थिए । त्यही विद्युतीय बारमा करेन्ट लागेर एउटा बाँदर समेत मरेको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको र उनको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर लागिएको जिल्ला प्रहरी कार्यालय जनाएको छ ।



# सर्लाही–२ मा यादव र महतोबीच फेरि प्रतिस्पर्धा

# नयाँ पुस्ता पनि बलियो







**मधेशदृष्टि**
**सर्लाही ।**
फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा राजेन्द्र महतो र महेन्द्र राय यादवले फेरि प्रतिस्पर्धा गर्ने भएका छन् । फागुन २१ गते हुने निर्वाचनका लागि यादव र महतो दुवैजनाले सर्लाही क्षेत्र नं.२ बाट उम्मेदवारी दर्ता गराएको छ । नेता महतोले राष्ट्रिय मुक्ति पार्टीबाट उम्मेदवारी दर्ता गराएका हुन् । उनी पार्टीका केन्द्रीय अध्यक्षसमेत हुन् भने नेता यादवले नेपाली कम्युनिस्ट पार्टीबाट उम्मेदवारी दर्ता गराएका छन् । दुवै नेता पार्टीका कार्यकर्तासहित उम्मेदवारी दर्ताका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय मलंगवामा पुगेर नामांकन दर्ता गराएका थिए । यादव र महतोको उम्मेदवारीसँगै सर्लाही २ मा चुनावी माहोल तातिएको छ । यद्यपि योपटक चुनाव जित्न पहिलाजस्तो सजिलो छैन । बालेन साहको जनकपुरबाट भएको चुनावी उद्घोषसँगै यस क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रविन महतोको बारेमा समेत चर्चा हुन थालेको छ । महतोसँगै धेरै जना युवा उम्मेदवारहरुले समेत विभिन्न नयाँ पार्टीबाट उम्मेदवारी दर्ता गराएकाले पनि यो क्षेत्रमा यादव र महतोलाई चुनाव जित्न सजिलो नहुने स्थानीयको भनाई छ । नेता महतो र यादव २०७९ को निर्वाचनमा समेत प्रतिस्पर्धा गरेका थिए । त्यो बेलाको अवस्था छुट्टै थियो । तर जेन्जी आन्दोलनपश्चात बालेन साह र गगन थापाको अनुहार प्रधानमन्त्रीका रुपमा चर्चामा आएसँगै स्थानीय मतदाताको विचार बाझिन थालेको हो । त्यसैले पनि मत बाँडिन सक्ने अवस्था छ । २०७९ को चुनावमा महेन्द्र राय यादवले राजेन्द्र महतोलाई हराएका थिए । महिन्द्र प्रसाद यादवले यसपटक पनि नागरिकको आग्रह र देशलाई विषम परिस्थितिबाट जोगाउन र शोषित पीडितको अधिकार दिलाउन भए पनि यसपालि जनताले नेपाली कम्युनिष्ट पार्टीलाई मतदान गर्ने बताएको छ । राष्ट्रिय मुक्ति पार्टीबाट उम्मेदवारी दर्ता गराएका महतोले पहिला जितेका नेताले सर्लाही क्षेत्र नं. २ मा कुनै काम गरेका छैनन् । जनता दुःखी रहेकाले यसपटक यहाँका जनताले परिवर्तन खोजेका छन् । आफू र आफनो पार्टी सर्लाहीबाट विजयी हुने नेता महतोले दाबी छ । सर्लाही क्षेत्र नं. २ मा विगतका दल र तिनका उमेदवारलाई यसपालि यहाँका जनताले मतदान नगर्ने युवा उम्मेदवार नेपाली कांग्रेसबाट उम्मेदवारी दिएका डाक्टर सरोज कुमार यादवले बताए । यहाँका जनताले परिवर्तन खोजेकाले पुराना नेता यस क्षेत्रबाट चुनावमा विजयी नहुने बताएको छ । नेपाली कांग्रेस सर्लाहीको चारवटै क्षेत्रबाट चुनाव जित्ने कांग्रेसका उम्मेदवार डा. यादवको भनाइ छ । यता राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट चुनाव लडेका रविन महतोले भने, 'बालेन साहलाई यसपालि प्रधानमन्त्री बनाउने जनताको विचार रहेकाले यहाका जनताले रास्वपालाई मतदान गर्ने छन् ।' हाम्रो टिमले स्थलगत रिपोर्टिङ गर्दा पनि यसपालि यहाँका जनताको मत बाँडिन सक्ने बताएको छ । त्यसैले पनि पुराना नेता यादव र महतोलाई यसपालि चुनाव जित्न सहज नहुने जानकारको भनाई छ ।

# रौतहटको पीडाले भावुक बने ऋषि धमला, 'अब टुरिस्ट उम्मेदवार बन्दिनँ'



**मधेशदृष्टि**
**रौतहट ।**
लामो समयदेखि पत्रकारितामा सक्रिय रहँदै आएका ऋषि धमला यसपटक प्रतिनिधिसभा निर्वाचनमा होमिएका छन् । धादिङ स्थायी घर भएका धमला प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) बाट रौतहट निर्वाचन क्षेत्र नम्बर–४ मा उम्मेदवार बनेका हुन् । उम्मेदवारी दर्तापछि उनी आक्रामक घरदैलो अभियानमा जुटेका छन् ।

घरदैलोका क्रममा रौतहटको अवस्था देखेर आफू अत्यन्त भावुक भएको धमलाले बताएका छन् । सामाजिक सञ्जालमा भाइरल भइरहेको एक भिडियोमा उनी मतदातासँग मत माग्दै गर्दा भक्कानिँदै रोएको देखिन्छ । स्थानीयको दयनीय अवस्था देखेपछि आँसु झार्दै धमलाले अब आफू 'टुरिस्ट उम्मेदवार' नबन्ने घोषणा गरेका छन् ।

'रौतहटको चुलो–चुलोमा समस्या छ । यहाँका जनता धेरै पीडित छन् । खान, बस्न र उपचार पाउने अवस्था छैन,' धमलाले भिडियोमा भनेका छन्, 'त्यसैले मैले रौतहट रोजेको हुँ' । धादिङ र काठमाडौं छोडेर रौतहटमै उम्मेदवारी दिनुको कारण स्पष्ट पार्दै उनले भने, 'मान्छेहरू सोध्छन्, धादिङ र काठमाडौंबाट किन रौतहट आयौ भनेर । यहाँको पीडा हेर्नुस्, यही देखेर म यहाँ आएको हुँ' ।

विगतमा चुनाव जितेर गएका नेताहरूले रौतहटको विकासका लागि सिन्को नभाँचेको आरोप लगाउँदै धमलाले आफू रौतहटमै घरजम गर्ने सङ्कल्प गरेको बताएका छन् । 'मैले एउटा निर्णय गरेको छु रौतहट जिल्लालाई म बनाउँछु । सबै कुरा छोडेर अब यहीँ बस्छु । यहीँ आउँछु, यहीँ खान्छु र तपाईंहरूसँगै बस्छु,' उनले भनेका छन् । यहाँको शिक्षा र स्वास्थ्य क्षेत्रको अवस्था निकै नाजुक रहेको उल्लेख गर्दै धमलाले त्यसलाई सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । धमलाको चुनावी प्रचारप्रसार शैली पनि फरक देखिएको छ । कहिले उनी जेरी पसल पुगेर आफैँ जेरी पकाइरहेका छन् भने कहिले काठ मिलमा आरा चलाइरहेका छन् । खेतबारीमा किसानसँग कोदालो खन्ने, दाउरा बोक्ने र साइकल चलाउनेजस्ता गतिविधिमार्फत उनी मतदातासँग नजिकिने प्रयासमा छन् ।

भाइरल भिडियोमा धमलाले एक विपन्न स्थानीयलाई अँगालो हाल्दै उनको बसोबासको टुङ्गो नभएको र परिवार खेतमै बस्नुपरेको भन्दै भावुक हुँदै सहयोग गर्ने आश्वासन दिएको दृश्य पनि देखिन्छ । धमला आम जनता पार्टीबाट मोबाइल चुनाव चिन्ह लिएर रौतहट–४ बाट प्रतिनिधिसभा निर्वाचनमा प्रतिस्पर्धा गरिरहेका छन् ।

# पर्सागढीको मन्दिरबाट कानुको चुनावी अभियान शुभारम्भ



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर २ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार सुशील साह कानुले ऐतिहासिकस्थल पर्सागढी पुगेर आफ्नो चुनावी प्रचार अभियान सुरु गरेका छन् ।

अंग्रेज सेनामाथि गोर्खाली सेनाले विजय हासिल गरेको ऐतिहासिक भूमिमा रहेको पारसनाथ बाबाको मन्दिरमा बिहीबार बिहान पूजापाठ तथा दर्शन गर्दै उनले औपचारिक रूपमा अभियानको थालनी गरेका हुन् ।

मन्दिरमा दर्शन सकेपछि कानु आफ्ना समर्थक तथा शुभचिन्तकसहित पर्सागढी नगरपालिका वडा नम्बर ४, ५ र ६ मा पुगेका थिए । त्यहाँ उनले स्थानीय मतदातासँग भेटघाट गर्दै आफ्नो चुनावी एजेन्डा राखेका छन् । नेपालको गौरवशाली इतिहाससँग जोडिएको पर्सागढीस्थित मन्दिरबाट अभियानको शुभारम्भ गरेको जानकारी दिंदै कानुले आफ्नो फेसबुक पेजमा लेखेका छन्, 'अंग्रेजविरुद्धको युद्धमा नेपाली वीरताले दिलाएको विजयको साक्षी यही भूमि हो ।

पुर्खाहरूले जोगाएर राखेको हाम्रो पहिचान, स्वाभिमान र गरिमालाई पुनः शिखरमा पु¥याउँदै प्रत्येक नेपालीको सुरक्षित भविष्य र देशको प्रगतिका लागि राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट पर्सा–२ मा अघि बढेको छु ।' इतिहास बदल्ने यात्राको सुरुवात पर्सागढी मन्दिरमा आशीर्वाद लिएर गर्दा आफू अत्यन्तै ऊर्जाशील र प्रेरित महसुस गरेको कानुले बताएका छन् ।

आफ्नो अभियान सफल बनाउन सम्पूर्ण मतदाताले साथ दिनेमा आफू विश्वस्त रहेको पनि उनले उल्लेख गरेका छन् । पर्सा क्षेत्र नम्बर २ अन्तर्गत वीरगन्ज महानगरपालिकाका ३२ वडामध्ये १३ वटा, पर्सागढी नगरपालिकाका सबै ९ वटा वडा र बहुदरमाई नगरपालिकाका वडा नम्बर २, ३, ४ र ६ गरी ४ वटा वडा पर्दछन् । यसरी यस क्षेत्रमा कूल २६ वटा वडा समेटिएका छन् ।

# निर्वाचनको माहोलबीच किसानलाई खेतीपातीको चटारो



**महोत्तरी ।**
मुलुकमा प्रतिनिधिसभा सदस्य निर्वाचनको माहोल बढ्दै जाँदा महोत्तरीका किसानलाई भने खेतीपातीको चटारो छ । आगामी फागुन २१ मा हुने निर्वाचनका लागि मङ्गलबार उम्मेदवारले मनोनयनपत्र दर्ता गराइसकेका छन् ।

निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्ने कार्यक्रम पर्वजस्तै हुने भएपनि यहाँका आमकिसान भने आफ्नै काममा व्यस्त छन् । वसन्तपञ्चमी (श्रीपञ्चमी) पर्वका लागि केशोर (माटो मुनि फल्ने मधेसको फलविशेष) खनेर बजार पु¥याउन, उखु काटेर चिनी उद्योग लिन र वैशाखी तरकारी (चैत÷वैशाखमा उत्पादन लिइने) लगाउने बेला घर्कंदै गर्दा हाल किसानलाई कामको भ्याइनभ्याइ परेको हो ।

महोत्तरी सहितका प्राचीन मिथिला क्षेत्रमा वसन्तपञ्चमीका दिन गरिने सरस्वती पूजनोत्सवमा केशोर मुख्य प्रसाद सामग्री मानिने परम्परा छ । केशोरखेती गरिने बर्दिबास, गौशाला र भङ्गाहा नगरक्षेत्रका किसान हाल दिनरात नभनी केशोर खन्ने र बजार पु¥याउने काममा व्यस्त छन् । केशोरको त सिजन नै यही श्रीपञ्चमी पर्व हो, यसबेला बेच्न सकिएन भने पछि राम्रो भाउ पाइँदैन', करिब एक बिघा क्षेत्रफलमा यो खेती गरेका बर्दिबास–७ मनहरिपुरका किसान निरबहादुर खत्री बताउँछन्, चुनाव लाग्यो रे भन्ने त सुन्दछु , तर केशोर यसैबेला बेच्नुपर्ने चटारोले चुनावको रमाइलो हेर्ने फुर्सद छैन ।

श्रीपञ्चमीपछि फुर्सदमा दुई÷चार दिन चुनावको रमाइलो हेर्ने उनको धोको छ । यसपालि श्रीपञ्चमी पर्व शुक्रबार परेको छ । त्यसैले बिहीबारभित्रै केशोर बजार पु¥याइसक्नुपर्ने हुँदा फुर्सद नै नपाइएको बर्दिबास–९ पशुपतिनगर बनरझुल्लाका किसान भोला महतो बताउँछन् ।

खत्री र महतोजस्तै मनहरिपुरकै ७० वर्षीय विन्देश्वर यादव पनि केशोर खन्ने र बेच्ने कामको धपेडीमा छन् । केशोर खन्न अब ढिलो गर्न हुन्न, श्रीपञ्चमीका लागि बिहीबारसम्म बजार हुन्छ, त्यसैले घरका सबै केशोर खन्न जुटेका छौँ, उनले भने, यहाँको केशोर वसन्तपञ्चमी पर्वमा पूर्वको मेची पारिसम्म पुग्ने गरेको छ ।

केशोरजस्तै उखु र वैशाखी तरकारी लगाउने किसानलाई पनि कामको भ्याइनभ्याइ छ । तयार भएको उखुबाली काटेर चिनी उद्योग पु¥याउने र नयाँ उखु लगाउने यही बेला हो । यसले गर्दा उखु किसान धमाधम यसै काममा लागिरहेका छन् ।

चुनावको रमाइलो त हेर्न मन छ नि, तर अब काट्न ढिलो गरे मुखमा आएको उखु खेतमै सुक्छ, गौशाला–१० बटुवाका किसान अरुण कुशवाहा भन्छन्, यसैबेला नयाँ उखु लगाउनु पनि छ, उखु रोप्न ढिलो भए खेतको चिस्यान सुकेर नउम्रने समस्या पर्छ । जिल्लाको उत्तरी क्षेत्रको उखु र केशोर दुवै मुख्य नगदेबाली हुन् । किसानको वर्षभरिको गुजारा यिनै उत्पादन बेचेर व्यवस्थापन गर्नुपर्ने हुँदा कामको चटारो रहेको कुशवाहाको भनाइ छ ।

केशोर र उखुजस्तै जिल्लाका सबै भेगका किसानलाई वैशाखी तरकारी लगाउने चटारो छ । वैशाखी तरकारी पनि ढिलोमा माघ १५ भित्र रोपिसक्नु पर्ने मान्यता छ । किसान खेतीपातीमा व्यस्त भएकाले चुनावको मनोनयन दाखिला गर्ने कार्यक्रममा पनि धेरैको उत्साहजनक सहभागिता नभएको दलकै नेताहरू स्वीकार्छन् ।

हामी निर्वाचन अभियानकै क्रममा किसानबीचमै छौँ भङ्गाहा–९ सखुवाटोलका बासिन्दा नेपाली कांग्रेसका स्थानीय नेता सुरेश यादव भन्छन्, अहिले किसान खेतीपातीमा व्यस्त छन्, यो सकेपछि भने बिस्तारै निर्वाचन अभियानमा जोडिएलान् ।

यहाँका किसान निर्वाचनप्रति अलि उत्साह पनि मरेको बताउँछन् । आफूहरुको सुविधाप्रति तीनै तहका सरकार उदासीन रहेकाले खासै चासो नरहेको किसानको भनाइ छ । अधिकांश नेपालीका लागि कृषि मुख्य पेसा रहेकाले यसपालिको चुनावमा यससम्बन्धी विशेष सुविधाका प्रतिबद्धता दल र उम्मेदवारबाट आउनपर्ने किसानको माग छ । रासस

# बारादेखि पर्सासम्म फ्ल्यागमार्च



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल, नेपालको स्थापना दिवसको अवसरमा सीमावर्ती क्षेत्रमा सशस्त्र प्रहरी बलद्वारा आयोजित फ्ल्याग मार्च बारा जिल्लाबाट पर्सा जिल्लासम्म सम्पन्न भएको छ । फ्ल्याग मार्च कार्यक्रमको नेतृत्व सशस्त्र प्रहरी बल नेपाल नं. १३ गणका गणपति पुरण चन्द भट्टले गरेका थिए ।

सीमावर्ती क्षेत्र हुँदै सम्पन्न मार्चले सुरक्षा निकायहरूको सतर्कता, अनुशासन र आपसी समन्वयलाई प्रत्यक्ष रूपमा उजागर गरेको सहभागीहरूको भनाइ रहेको छ । कार्यक्रममा प्रमुख अतिथिका रूपमा पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी भोला ढकालको उपस्थिति रहेको थियो । साथै जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक सुदिप राज पाठक, राष्ट्रिय अनुसन्धान कार्यालय पर्साका प्रमुख सन्तोष ढकाल, सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीका विभिन्न तहका पदाधिकारीहरू र भारतीय सीमा सुरक्षा बल (एस.एस.बी.) का अधिकारीहरूको समेत उल्लेखनीय सहभागिता रहेको थियो ।

सीमावर्ती क्षेत्रमा आयोजना गरिएको यस फ्ल्याग मार्चले नेपाल–भारत सीमा क्षेत्रमा आपसी विश्वास, सहकार्य तथा सुरक्षा समन्वयलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरिएको छ ।

# दलभन्दा स्वतन्त्र उम्मेदवार बढि

**महोत्तरी ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनमा जिल्लामा दलभन्दा स्वतन्त्र उम्मेदवारको संख्या अधिक रहेको छ । चार निर्वाचन क्षेत्र रहेको महोत्तरीमा आगामी फागुन २१ गते हुने निर्वाचनमा ८८ जनाको स्वतन्त्र उम्मेदवारी दर्ता भएको छ ।

जिल्लाका चार निर्वाचन क्षेत्रबाट दलगत उम्मेदवारी दिने ५५ जना मात्र छन् । क्षेत्र नम्बर १ मा १२, २ र ३ मा १५ एवं ४ मा १३ जना छन् । यसैगरी, स्वतन्त्र उम्मेदवारी दिने ८८ मध्ये सबैभन्दा बढी क्षेत्र नम्बर ३ मा २७ जना रहेका जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । यसैगरी क्षेत्र नम्बर ४ मा २४, २ मा २२ र १ मा १५ जना स्वतन्त्र उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका छन् ।

जिल्लामा १९ जना महिलाले उम्मेदवारी दर्ता गराएका छन् । दलगतभन्दा स्वतन्त्र उम्मेदवारको संख्या बढी छ । जिल्लाका चारवटै क्षेत्रमा गरी उम्मेदवारी दर्ता गराउने १९ महिलामध्ये १० जना स्वतन्त्र उम्मेदवार रहेका जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत भरतमणि पोखरेलले जानकारी दिए । निर्वाचन क्षेत्र–१ मा पाँच, २ मा पाँच, ३ मा २ र ४ मा सात गरी जम्मा १९ जना महिला उम्मेदवार छन् । रासस

# मेशिनले च्यापिएर मजदुरको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको धन्कौलमा रहेको चिनी उद्योगमा काम गर्ने क्रममा मेसिनमा च्यापिएर एक मजदुरको मृत्यु भएको छ । धन्कौल गाउँपालिका–३ स्थित अन्नपूर्ण चिनी उद्योगमा उखुको खुवा बनाउने मेसिनमा च्यापिएर धन्कौल–४, महिनाथपुरका १९ वर्षीय चुनचुन रायको ज्यान गएको हो ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार काम गरिरहेको अवस्थामा राय मेसिनमा च्यापिएका थिए र घटनास्थलमै उनको मृत्यु भएको थियो । प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता सरोज राईले मृतकको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्वामा राखिएको जानकारी दिए ।

घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## सम्पादकीय

# मधेशमा आधा नेता बिदा हुँदा विकासको मूल फुट्ला ?

मधेशमा देखिएको हेभिवेट नेताको भिडन्त सतहमा हेर्दा नेतृत्व परिवर्तनको सङ्केत जस्तो देखिन्छ । तर इतिहासले बारम्बार देखाएको छ–नेताहरू फालिँदा पनि प्रवृत्ति फालिँदैन भने जनताको जीवनमा ठोस परिवर्तन आउँदैन।

अहिलेको भिडन्त पनि व्यक्ति केन्द्रित शक्ति पुनर्संयोजनमा सीमित हुने खतरा बोकेको छ । मधेशको मूल समस्या नेतृत्वको अभाव होइन, विकास प्रक्रियाबाट जनतालाई अलग राख्ने पुरानो रोग हो । योजना राजधानी र पार्टी मुख्यालयमा बन्छन्, बजेट मन्त्री र दलालबीच बाँडिन्छ, अनि जनता उद्घाटनका भीडमा सीमित गरिन्छन् । यही रोगका कारण सरकार फेरिँदा पनि विद्यालय, स्वास्थ्य चौकी, सिंचाइ, रोजगारी र उत्पादनको संरचना फेरिँदैन।

हेभिवेटहरूबीचको यो भिडन्तले आधा नेताहरूलाई बाहिर धकेल्न सक्छ । तर ती नेताहरूको ठाउँ लिने नयाँ अनुहार पनि उही सोच, उही शैली र उही सत्ता–केन्द्रित मानसिकताबाट आएका भए भने परिणाम शून्य नै हुन्छ।

समस्या व्यक्ति होइन, विकासमा जनसहभागितालाई अनावश्यक ठान्ने राजनीतिक संस्कार हो। जनताको सहभागिता बिना विकास सम्भव हुँदैन। स्थानीय तहमा योजना छनोटदेखि कार्यान्वयन र अनुगमनसम्म जनताको वास्तविक भूमिका नहुँदासम्म मधेशको विकास कागजमै सीमित रहन्छ।

आजसम्म मधेशलाई 'भावनात्मक राजनीति' को प्रयोगशाला बनाइयो, तर उत्पादन, शिक्षा र आत्मनिर्भर अर्थतन्त्रको बहस गौण रह्यो। यसैले प्रश्न नेता को जित्छ वा को हार्छ भन्ने होइन । यो भिडन्तले विकासको पुरानो रोग फाल्न सक्छ कि सक्दैन भन्ने हो । यदि नयाँ नेतृत्वले जनतालाई निर्णय प्रक्रियाको केन्द्रमा राख्न सकेन भने, मधेशमा फेरि पनि नेता त फेरिन्छन्, तर नियति फेरिँदैन।

# आमाहरुको निर्वाचन प्रहरी बन्ने रहर

हिमाल लम्साल



पर्साको विन्दवासिनी गाउँपालिका– १ स्थायी घर भएकी शिशकुमारीदेवी विनिन् तेस्रो पटक निर्वाचन प्रहरी बन्ने अभिलासासहित वीरगञ्जको नारायणी रङ्गशालामा शारीरिक अभ्यासको लागि जुटिरहनुभएको छ । उमेरले ५३ वसन्त पार गरेकी तीन सन्तानकी आमा रहनुभएकी उहाँ रहरले भन्दा पनि परिवारको आर्थिक अवस्थाको कारणले निर्वाचन प्रहरीमा होमिनु परेको सुनाउनुहुन्छ। 'यो उमेरमा रहरले त के हुन्थ्यो र ! परिवारको बिहान–साँझको गर्जो टार्नकै लागि भए पनि निर्वाचन प्रहरीमा आएकी हुँ,' उहाँले भन्नुभयो, 'यसअघिका दुई पटकको चुनावमा म्यादी प्रहरीको अनुभ भइसकेकाले पनि यो पटक पनि छनोट हुने आशा लिएकी छु।' तीन सन्तानमध्ये एक छोरा नौ कक्षा र अर्का छोरी पाँच कक्षामा अध्ययनरत रहेका छन्। अर्का छोरा भने सवारीदुर्घटनामा परेर ढाड नचल्ने समस्याबाट गुज्रिरहेका छन् । उहाँको पति भने खेती किसानी गर्दै आइरहुनभएको छ । घाइते छोराको उपचारार्थ केही रकम जोहो गर्नकै लागि भए पनि निर्वाचन प्रहरी बन्न लागेको उहाँ बताउनुहुन्छ । 'अघिल्ला दुई निर्वाचनमा त छनोट भएकी थिएँ। यसपालि के हुने हो हेरौं,' उहाँले भन्नुभयो, 'आफू निर्वाचन प्रहरीमा छनोट भएको खण्डमा निर्वाचनलाई राम्रोसँग अघि बढाउने रहर छ ।' अहिले पर्सा जिल्लामा निर्वाचन प्रहरी बन्ने दौडमा विनिन मात्रै नभएर ३२ वर्षे दुई सन्तानकी आमा तेतरीदेवी चमार पनि कसरत गरिरहनुभएको छ । स्थायी घर पर्साको पोखरिया नगरपालिका घर भएकी उहाँको जसरी पनि निर्वाचन प्रहरी बन्ने सपना देखेर आएको बताउनुभयो । 'निर्वाचन प्रहरी भएर खटिँदा देशको सेवा पनि हुने केही रकम आम्दानी पनि हुने देखेर आएकी हुँ,' उहाँले भन्नुभयो, 'निर्वाचन प्रहरी बनेर छोराछोरीको पढाइखर्च जुटाउन केही सहज होला कि भनेर आएकी हुँ।'

वीरगञ्जको नारायणी रङ्शालाको मैदानमा विनिन र तेतरीदेवी मात्रै नभएर पर्साको बहुदरमाई नगरपालिका–९ मा बसोबास गर्ने दुई छोराकी आमा चन्द्रमादेवी पनि निर्वाचन प्रहरी बन्ने सपना बोकेर वीरगञ्जको नारायणी रङ्गशालामा उत्रिनुभएको छ । 'आर्थिक अवस्था कमजोर भएकाले नै नर्सरीमा पढ्ने छोरालाई छाडेर निर्वाचन प्रहरी बन्ने दौडमा लागेकी छु,' उहाँले भन्नुभयो, 'निर्वाचन प्रहरी भएर देशको सेवाको साथसाथै केही अर्थोपार्जन पनि हुने भएकाले आएकी हुँ ।' उहाँले आफ्नो एउटा छोरो कक्षा आठ र अर्को छोरो नर्सरीमा अध्ययनरत रहेको बताउनुभयो । उहाँको पति भने फोहरमैला व्यवस्थापनसम्बन्धी काम गर्दै आउनु भएको छ।

अन्य विभिन्न उमेर समूहका पुरुष तथा महिला निर्वाचन प्रहरी बन्ने सपना बोकेर वीरगञ्जको नारायणी रङ्शालामा शारीरिक अभ्यासमा सहभागी भएका छन् । तिनैमध्ये १९ वर्षे युवती कुशुकुमारी पनि निर्वाचन प्रहरी बन्न कसरत गरिहनुभएको छ । 'फागुन २१ गतेदेखि हुने चुनावलाई सफल गराउन र केही रकम भए पनि कमाउनको लागि निर्वाचन प्रहरी बन्न आएकी हुँ,' उहाँले भन्नुभयो, 'हामी जस्तै जेनजी उमेर समूहका साथीहरुले आन्दोलन शहादत प्राप्त गर्नुभयो, हामी भने निर्वाचन सफल गराउन र तिनै सहिदहरुको चाहना पूरा गराउन सहभागी भएका हौँ ।' पर्साको बहुदरमाई नगरपालिका–७ विश्रामपुरका २४ वर्षे युवा अमृत महतो पनि निर्वाचन प्रहरी बन्ने अभिलासा बोकेर शारीरिक छनोटमा जुट्नुभएको छ।

'म यसअघि वनरक्षक, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा जवान बन्नका लागि दुई–तीन पटक प्रतिस्पर्धा गरिसकेँ तर अहिलेसम्म सफलता हात पार्न सकेको छैन,' उहाँले भन्नुभयो। एकपटक निर्वाचन प्रहरी बनेर देशको सेवा पनि गरौँ भन्ने चाहनाले आएको महतोले बताउनुभयो । निर्वाचन प्रहरीको अनुभवले प्रहरी जवान बन्नका लागि पनि केही सहयोग होला कि भन्ने उहाँको बुझाइ रहेको छ । निर्वाचन प्रहरी बन्ने रहर बोकेका महतोले आफू निर्वाचन प्रहरी बनेर स्वच्छ र पारदर्शी निर्वाचन गराउन प्रयत्न गर्ने बताउनुभयो। 'अहिले जेनजीको सरकार रहेको छ। पक्कै पनि भयरहित र शान्तिपूर्ण निर्वाचन गराओस् भनेर नै यसमा सहभागी बनेको हुँ,' उहाँले भन्नुभयो । पर्साको छिमेकी जिल्ला बाराको परवानीपुर गाउँपालिकाका राजपुरका १८ वर्षे विदेशप्रसाद यादव पनि केही काम नभएको बेला समयको सदुपयोग गर्न भन्दै निर्वाचन प्रहरी बन्न लागेको बताउनुहुन्छ। 'त्यसै घरमा बस्नुभन्दा केही अनुभव पनि हासिल गर्न पाइन्छ कि भनेर निर्वाचन प्रहरीमा सहभागी भएको हुँ,' उहाँले भन्नुभयो, 'देशको सेवा पनि हुने र पैसा पनि कमाइने भएकाले पनि यसमा लागेको हुँ।'

सरकारले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि आवश्यक सुरक्षा प्रबन्धको लागि निर्वाचन प्रहरी आवश्यक परेको भन्दै आवेदन खुलाएसँगै निर्वाचन प्रहरी बन्नेहरुको घुइँचो लागेको हो । पर्सामा निर्वाचन प्रहरीमा भर्ना छनोट तथा नियुक्ति समिति पर्साले यहाँ जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरी दुबैतर्फ गरेर दुई हजार आठ सय ५२ जना आवेदन माग गरेको थियो। नेपाल प्रहरीतर्फ भने पाँच हजार तीन सय ९९ जनाको आवेदन परेको छ भने सशस्त्र प्रहरीतर्फ तीन सय ८५ जनाको आवेदन माग भएकोमा पाँच सय ७१ जनाको आवेदन परेको छ।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन प्रहरीमा भर्ना छनोट तथा नियुक्ति उपसमिति पर्साका संयोजक सुमनकुमार कार्कीले निर्वाचन प्रहरीमा विभिन्न उमेर समूहका महिला तथा पुरुषमा उत्साहजनक सहभागिता देखिएको बताउनुभयो । 'सबै उमेर समूहका महिला तथा पुरुष निर्वाचन प्रहरी बन्नको लागि उपस्थित हुनुहुन्छ । कतिपय सन्तान जन्माइसकेका महिलाहरु पनि सरिक हुनुभएको छ। यसले छोटो अवधिको लागि भए पनि रोजगारीको अवसर सिर्जना गर्ने भएकाले पनि सहभागिता जनाएका हुनसक्छ ।' संयोजक कार्कीले चुलोचौकामा सीमित हुने भनिएका मधेसी समुदायका महिला पनि अवसर पाउँदा आफ्नो जिम्मेवारी निभाउन सफल हुन्छन् भन्ने गतिलो उदाहरण बन्न सकेको बताउनुभयो । 'यसले यहाँका महिला अवसर पाएको खण्डमा जस्तोसुकै जिम्मेवारी पनि पूरा गर्न सक्षम हुनुहुन्छ भन्ने देखाएको छ,' उहाँले भन्नुभयो, 'निर्वाचन प्रहरी छनोट प्रक्रियालाई निष्पक्ष र पारदर्शी बनाउनको लागिपरिरहेका छौं।'

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, पर्साका चारवटै सुरक्षा निकायका प्रमुखहरुले पनि निर्वाचन प्रहरीलाई पारदर्शी बनाउनको लागि नियमित अनुगमन तथा निरीक्षण गर्दै आइरहनुभएको छ । पर्साका प्रहरी प्रवक्ता हरिबहादुर बस्नेतले निर्वाचन प्रहरीमा महिला र पुरुषको सहभागिता उत्साहजनक रहेको बताउनुभयो । 'यहाँबाट निर्वाचन प्रहरीमा आवेदन दिनेको संख्या दोब्बरभन्दा धेरै छ,' उहाँले भन्नुभयो, 'एकातर्फ निर्वाचनमा सेवा गर्न चाहने युवा पुस्ताको आकर्षण बढिरहेको छ । अर्कातर्फ ४० दिनमा आम्दानी पनि राम्रो हुने देखेर होला जस्तो लाग्छ।' पर्सा प्रहरीका अनुसार निर्वाचन प्रहरीमा पहिलोपटक आवेदन दिने पुरुषको संख्या तीन हजार एक सय ४७ जना रहेका छन्। नयाँ आवेदन दिने महिलाको संख्या भने छ सय तीन जना रहेका छन् । निर्वाचन प्रहरीमा विगतमा म्यादी प्रहरीको रुपमा खटिएका छ सय ८७ जना पुरुष र विगतको म्यादी प्रहरीको रुपमा खटिएका एक सय ५३ जना महिलाको आवेदन परेको छ। त्यस्तैगरी पूर्व सुरक्षाकर्मीको तर्फबाट भने १२ जना पुरुष रहेका छन् भने विदेशी सैनिकबाट अवकाश प्राप्त गरेका एक जना रहेका छन्। सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी मोहन निरौलाले निर्वाचन प्रहरीमा युवादेखि अन्य उमेर समूहको आकर्षण रहेको बताउनुभयो। रासस

# चुनावमा सोसल मिडियाबाट हुने दुष्प्रचार रोक्न 'सेनाका उपकरण र साइबर प्रहरी'

फणीन्द्र दाहाल

निर्वाचन आयोगले प्रतिनिधिसभाको आसन्न निर्वाचनलाई दृष्टिगत गर्दै सामाजिक सञ्जाल अनुगमन गर्न र निर्वाचन आचारसंहिता उल्लङ्घन हुने खालका गतिविधि नियन्त्रण गर्न नेपाली सेना तथा अन्य विभिन्न निकायसँग रहेको सीप र संयन्त्र प्रयोग गरिने जनाएको छ।

आयोगका अनुसार आचारसंहितासँग प्रतिकूल पोस्टहरू हटाइने र त्यसमा संलग्न व्यक्तिहरूलाई कानून कारबाहीको दायरामा ल्याइने छ । आचारसंहिता अनुगमनको जिम्मा पाएका निर्वाचन आयुक्त सगुन शम्शेर जबराले सामाजिक सञ्जालमार्फत् मिथ्या सूचना वा घृणा फैलाउने प्रयास, मानहानि र डीपफेकद्वारा तयार पारिएका आपत्तिजनक तस्बिर वा भिडिओ सामग्रीविरुद्ध सर्वसाधारणले ह्वाट्स्यापमार्फत् पनि आयोगमा उजुरी दिन सक्ने बताए।

उनले समाजिक सञ्जाल अनुगमनका लागि निर्वाचन आयोगले नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमबाट सफ्टवेअर सहयोग लिएको जनाउँदै आचारसंहिता उल्लङ्घन हुने खालका पोस्टलाई निष्क्रिय तुल्याउन ७७ वटै जिल्लामा साइबर प्रहरी पनि खटाइएका बताए।

यसै साता उम्मेदवारी दर्ताको कार्यक्रम सम्पन्न भएसँगै बुधवार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा सामाजिक सञ्जालको दुरुपयोग रोक्न कडाइका साथ प्रस्तुत हुनेबारे छलफल भएको थियो।

**निर्वाचन आयोगका अधिकारीहरू के भन्छन् ?**

आयोगका अधिकारीहरूले भ्रामक समाचार, आर्टिफिशल इन्टेलिजेन्स (एआई) प्रयोग गरी तयार पारिने 'डीपफेक' भनिने भ्रमपूर्ण श्रव्यदृश्य सामग्री, घृणा फैलाउने र मानहानि गर्ने खालका अभिव्यक्ति, 'सनसनीपूर्ण' क्लिकबेट्स र 'स्वचालित ढङ्गले' सन्देशहरू पठाउने 'बट'हरूलाई निरुत्साहित गर्ने नीति लिएको बताउँदै आएका छन्।

बीबीसीसँग कुरा गर्दै निर्वाचन आयुक्त सगुन शम्शेर जबराले सामाजिक सञ्जाल अनुगमनका लागि आयोगमा नै संयन्त्र स्थापना गरेर आफूहरूले काम थालिसकेको बताए।

उनी भन्छन्, 'सोशल मिडिया मोनिटरिङ टुल 'पल्स' भन्ने प्रणाली हामी आयोगमा नै राख्दै छौँ । त्यसले सामाजिक सञ्जालहरूमा आएका वाक्यहरूमा हामीले निश्चित 'क्याच्वर्ड' (निगरानी गर्ने शब्दहरू) दिन्छौँ र उसले अनुगमन गर्छ। अनि जसले दुरुपयोग गरेको छ, त्यसमाथि कानून प्रक्रिया अघि बढ्छ।'

'डीपफेक वा तस्बिरहरूबाट जुन एआई प्रयोग गरेर सामाजिक सञ्जालको दुरुपयोग हुन्छ, त्यसका लागि हामीले मेटा र टिकटकसँग कुराकानी गरेका छौँ। त्यस्ता सामग्री हटाउने विषयमा हामीले टिकटकसँग मोटामोटी सम्झौता गरिसकेका छौँ। मेटासँग हामी प्रक्रियामा नै छौँ,' उनले भने।

उनले आफूहरूले तथ्यजाँचमा संलग्न नेपाली प्ल्याट्फर्महरूलाई पनि सामाजिक सञ्जालको अनुगमनमा प्रयोग गर्न लगेको सुनाए । निर्वाचन आयुक्त जबराले सुरक्षा निकायहरूले केन्द्र र जिल्ला जिल्लाहरू पनि सामाजिक सञ्जालहरूको अनुगमन गरिरहेको बताए।

उनले भने, 'नेपाल प्रहरीको, नेपाली सेनाको उपकरण पनि राम्रो छ । उहाँहरूलाई हामीले आयोगमा पनि राखिसकेका छौँ। एकीकृत सूचना केन्द्र भनेर राखेका छौँ। त्यसमा नेपाली सेना र नेपाल प्रहरीहरूले यहाँ पनि गर्ने र जिल्ला जिल्लाबाट प्रतिवेदन आएको नेपाल प्रहरीले प्रत्येक जिल्लामा साइबर ब्यूरो भनेर राख्नुभएको छ । जसरी पनि चुनावमा हुन सक्ने सामाजिक सञ्जालको दुरुपयोग रोक्ने हो।'

उनले एकीकृत सूचना केन्द्र स्थापना भइसकेको उल्लेख गर्दै अनुगमन गर्ने उपकरण जडानको प्रक्रियामा रहेको बताए।

त्यसबाहेक संयुक्त अपरेशन सेन्टर पनि स्थापना गर्न लागिएको जनाउँदै सेनाबाट पनि सामाजिक सञ्जाल अनुगमनको उपकरण र जनशक्ति ल्याएको जानकारी दिए।

**गृह मन्त्रालय के भन्छ ?**

गएको भदौमा सरकारले सामाजिक सञ्जालका विभिन्न मञ्चहरूमा प्रतिबन्ध लगाएपछि सुशासन र भ्रष्टाचार अन्त्यको माग गर्दै भएको जेन जी आन्दोलनले केपी ओली नेतृत्वको सरकार ढालेको थियो।

त्यही आन्दोलनपछि उत्पन्न राजनीतिक सङ्कटका माझ हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा सामाजिक सञ्जालको दुरुपयोगलाई अधिकारीहरूले सम्भावित सुरक्षा जोखिम मानेका छन्।

गृह मन्त्रालयले सातवटै प्रदेशमा आयोजना गरेको सुरक्षा गोष्ठीहरूमा पनि सामाजिक सञ्जालको दुरुपयोगले निम्त्याउन सक्ने चुनौती नियन्त्रण गर्नुपर्ने आवाज उठेको थियो।

गृह मन्त्रालयका प्रवक्ता आनन्दराज काफ्ले भन्छन्, 'हामीले प्रत्येक जिल्ला प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयहरूमा साइबरसँग सम्बन्धित तालिम लिएका र अनुभवी प्रहरीहरूलाई साइबर प्रहरीका रूपमा डेस्कहरू खडा गरिदिएर तैनाथ गरेका छौँ । उहाँहरूले नजिकबाट अनुगमन गर्ने र त्यसको आधारमा कारबाहीको प्रक्रिया अघि बढाउने भनेका छौँ।'

'निर्वाचन आयोगले पनि अनुगमन गरिरहेको छ र त्यसमा भोलि मुद्दा चलाउनुपर्ने भयो भने जिल्ला प्रहरी कार्यालयमार्फत् नै हो । जिल्ला र प्रदेश प्रहरी कार्यालयहरूले पनि तत्कालै कदम चाल्नुपर्छ भन्ने हिसाबमा निर्देशन दिइएको छ।'

'निर्वाचन आयोगले जारी गरेको जुन आचारसंहिता छ र हामीलाई जुन प्रचलित कानूनले दिएका विषय छन्, हामीले कसैलाई द्वेष अथवा पूर्वाग्रही रूपमा होइन कि प्रचलित कानूनले जुन अधिकार दिएको छ त्यसभित्र रहेर मात्रै गर्ने भन्ने विषय हो।'

**डिजिटल अधिकारको पैरवीकर्ता के भन्छन् ?**

डिजिटल अधिकारको पक्षमा पैरवी गर्दै आएका अधिवक्ता टङ्क अर्यालले निर्वाचन आयोगले सुरक्षा निकायको सहयोग लिएर मात्रै सामाजिक सञ्जाललक्षित आचारसंहिताका व्यवस्थाहरू कार्यान्वयन गर्न नसक्ने बताए।

उनी भन्छन्, 'आचारसंहितामा हामीले लेखेको कुराले मात्रै हामीले खोजेको कुरा प्राप्त हुँदैन । अरूलाई जस्तो पक्राउ गर्ने, म्याद थप्ने आदि कुरा हुन्जेलसम्म त्यसले निर्वाचनको मर्मलाई नै असर पारिसक्छ। एक जनाले कुनै एक नेताको नभएको डीपफेक भिडिओ बनायो र उसको चरित्रहत्या गर्ने कुरा बाहिर गयो र मानिसहरूले यस्तो पो रहेछ भनेर मत खसालेनन् भने त्यसले समग्र नकारात्मक असर गर्छ।'

उनले थपे, 'सबैले यो हाम्रो जिम्मेवारी हो भनेर लिनुपर्छ । निर्वाचन आचारसंहिता चाहिँ मेरो जिम्मेवारी हो, मैले सेना, प्रहरी राखेर यहाँ वाररूमजस्तो बनाएको छु, त्यहाँबाट कार्यान्वयन गर्छु भन्यो भने त्यो दिवास्वप्न हुन्छ । समुदाय, दलहरू, सामाजिक परिचालक लगायतको सहयोग लिएर अघि बढ्नु राम्रो हुन्छ।'

उनले आचारसंहिताको कार्यान्वयन गर्दा अभिव्यक्ति स्वतन्त्रतालाई पनि ध्यान दिइनुपर्ने औँल्याए। 'कसैको कुरा मलाई मन परेन भनेर भन्दा मेरो अभिव्यक्ति स्वतन्त्रता हुने कि कसैलाई मैले अनादर वा विरोध गरेको हुने ? गलत नियतले यस्तो काम गर्नेलाई रोक्नुपर्छ । अभिव्यक्ति स्वतन्त्रता पनि हनन नहुने र निर्वाचन पनि स्वतन्त्र हुने हिसाबले लेख्न अनुरोध गर्दा म के लेख्थेँ भनेर कहिलेकाहीँ म सोच्ने गर्छु।'

निर्वाचन आयोगका अधिकारीहरूले आचारसंहितामा उल्लेख भएका व्यवस्था र प्रचलित कानूनवपरीत सामाजिक सञ्जालको दुरुपयोगलाई मात्रै आफूले कारबाहीको दायरामा ल्याउने बताएको छ । आफूहरूले कतिपय सन्दर्भमा स्पष्टीकरण सोध्न थालेको निर्वाचन आयुक्त सगुन शम्सेर जबराले बताए।

'हामीले उम्मेदवारी दर्तामा नै निर्वाचन आचारसंहिताभन्दा बाहिर गएर भएका कामहरूमा स्पष्टीकरण सोध्न थालिसकेका छौँ । केही उम्मेदवारहरूलाई पनि सोधिसक्यौँ । मुख्यमन्त्रीलाई पनि सोधेका छौँ । रोकिएन भने अझ सोध्दै जान्छौँ र कानूनअनुसार जबाफ दिने मौका पनि दिन्छौँ अनि कानून प्रक्रिया अनुसार जे गर्न सकिन्छ त्यो गर्छौं।'

कानूनले निर्वाचन आयोगलाई आचारसंहिता उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्ने र जरिवानासहितको सजाय गर्न सक्ने अधिकार दिएको छ । चुनावी आचारसंहिता उल्लङ्घन गर्नेलाई १ लाख रुपैयाँसम्म कारबाही हुन सक्ने र सम्बन्धित उम्मेदवारको उम्मेदवारी रद्द समेत गर्न सकिने व्यवस्था कानूनमा छ। त्यसबाहेक निर्वाचन कसुर तथा सजाय ऐनअनुसार पनि दोषीलाई कारबाही गर्न सकिन्छ। बीबीसी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सहिदको सालिक राख्ने विषयमा छलफल



**काठमाडौँ।** प्रधानमन्त्री सुशीला कार्कीले संसद् भवनमा जेन्जी आन्दोलनका सहिदहरुको सालिक राख्ने विषयमा भएको प्रगतिबारे जानकारी लिएकी छिन् । प्रधानमन्त्री कार्कीले बिहिबार सिंहदरबारमा विभिन्न मन्त्री र सम्बन्धित निकायका अधिकारीहरुलाई बोलाएर निर्माणाधीन संसद् भवन परिसरमा सहिदका सालिक राख्ने विषयमा छलफल गरेकी हुन् ।

छलफलमा अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, खानेपानीमन्त्री डा. मदन परियार, सहरी विकासमन्त्री कुमार इङ्नाम, सङ्घीय संसद्का महासचिव पद्मप्रसाद पाण्डे, प्रधानमन्त्री कार्यालयका सचिव गोविन्दबहादुर कार्की, अर्थसचिव घनश्याम उपाध्याय, सहरी विकास सचिव गोपाल सिग्देल, कानुन सचिव पाराश्वर ढुङ्गानालगायत सहभागी थिए।

सहरी विकास सचिव सिग्देलले सालिक राख्नका लागि पहिचान गरिएका ठाउँ र सम्भावित डिजाइनबारे जानकारी दिँदै सुझाव तथा निर्देशनका लागि आग्रह गरिन् । प्रधानमन्त्री कार्कीले यस विषयमा ढिलो नगरी संसद् भवन निर्माणसम्बन्धी गुरुयोजना संशोधन गरी निर्माण कार्य अघि बढाउन निर्देशन दिइन् । रासस

# जाँचबुझ आयोगको समय २० दिन थप

**काठमाडौँ।** नेपाल सरकारले गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएको भौतिक तथा मानवीय क्षतिको यथार्थ छानबिन गरी प्रतिवेदन पेस गर्न गर्न गठित जाँचबुझ आयोगको समय २० दिन थप गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बिहिबार भएको बैठकले आयोगको अवधि थप्ने निर्णय गरेको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए । गत असोज ५ गतेको मन्त्रिपरिषद् बैठकले पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा नेपाल प्रहरीका पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक (एआइजी) विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य रहेको तीन सदस्यीय आयोग गठन गरेको थियो।

सुरुमा आयोगलाई तीन महिनाको समय दिइए पनि प्रतिवेदन तयारीको काम पूरा नभएको भन्दै गृह मन्त्रालयको प्रस्तावमा दोस्रो पटक पुनः अवधि थप गरिएको हो । आयोगका लागि यसअघि थपिएको समय बिहीबार सकिएको छ।

बैठकले सिद्धार्थ राजमार्गको बुटवल–पोखरा खण्ड सुधार आयोजनाको तयारीका लागि एसियाली पूर्वाधार लगानी बैंकको दुई ‘मिलियन अमेरिकी डलर’ बराबरको अनुदान सहायता स्वीकार गर्ने र नेपाल सरकारको प्रवक्तामा गृहमन्त्री अर्याललाई तोक्ने निर्णय भएको पनि उनले जानकारी दिए । बैठकका अन्य निर्णय नियमित पत्रकार सम्मेलनमा सार्वजनिक गरिने जनाइएको छ। रासस

# त्रिवि शुल्क पुनरावलोकन कार्य सुरु



**काठमाडौँ।** त्रिभुवन विश्वविद्यालयले विभिन्न सङ्कायमा विद्यार्थीसँग लिँदै आइएको शुल्कको पुनरावलोकन गर्न बनेको कार्यदलले बिहिबार देखि काम थालेको छ। शुल्कबार विद्यार्थी सङ्गठनको विरोधका कारण उपकुलपति कार्यालयमा अवरोध हुनुका साथै विश्वविद्यालयको दैनिक गतिविधि प्रभावित हुन थालेपछि विश्वविद्यालयको कार्यकारी परिषद्ले गत साता व्यवस्थापन सङ्कायका सहायक डीन प्राध्यापक डा. दिलीप पराजुलीको संयोजकत्वमा शुल्क पुनरावलोकनसम्बन्धी उच्चस्तरीय कार्यदल गठन गरेको थियो।

कार्यदलमा अङ्ग्रेजी केन्द्रीय विभागका प्रमुख ध्रुव कार्की र शिक्षाशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा. डा. सूर्यबहादुर थापासमेत छन्।

कार्यदललाई तीन महिनाभित्र सबै अध्ययन संस्थान, आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसमा लिइने सबै प्रकारका शुल्कको अध्ययान गरी समयानुकूल बनाउन र एकरूपता हुनेगरी कार्यविधि सिफारिस गर्न कार्यादेश दिइएको डा. पराजुलीले जानकारी दिए।

विश्वविद्यालयमा नेपाली कम्युनिष्ट पार्टी निकट अखिल (क्रान्तिकारी)ले कार्यालय सञ्चालन अवरुद्ध हुने गरी उपकुलपति कार्यालयको मूल ढोकामा विज्ञप्ति टाँसेपछि काम प्रभावित हुँदै आएको छ । अखिल (क्रान्तिकारीले) शुल्क वृद्धि फिर्ता लिनुपर्नेसहितका माग राख्दै विज्ञप्ति टाँसेको हो।

यसैबीच, गतिरोध खुलाउन त्रिविले विद्यार्थी कल्याण महाशाखा प्रमुख दीपेन्द्र पराजुलीको संयोजनमा छलफल तथा परामर्श गरिरहेको छ। रासस

# निर्वाचन केन्द्रित सुरक्षा व्यवस्थापनसम्बन्धी छलफल

**काठमाडौँ।** निर्वाचन आयोगको कार्यालय कान्तिपथमा निर्वाचन केन्द्रित सुरक्षा व्यवस्थापन सम्बन्धी छलफल सम्पन्न भएको छ । कार्यक्रममा आसन्न निर्वाचनलाई बिथोल्न सक्ने कुनै पनि आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने तथा कानुनी दायरामा ल्याउनेलगायत विषयमा छलफल भएको थियो । साथै निर्वाचनलाई भयरहित वातावरणमा पारदर्शी एवं शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सबै सरोकारवाला पक्षहरूसँग समन्वय एवं सहकार्य गरी भरपर्दो



सुरक्षा रणनीति अवलम्बनमा छलफल केन्द्रित थियो।

छलफलमा गृहमन्त्री ओमप्रकाश अर्याल, कार्यवाहक प्रमुख निर्वाचनआयुक्त रामप्रसाद भण्डारी, निर्वाचन आयुक्तद्वय जानकीकुमारी तुलाधर र सगुन शमशेर जबरा, गृह सचिव राजकुमार श्रेष्ठ, आयोगका सचिव कृष्णबहादुर राउत, प्रहरी महानिरीक्षक दानबहादुर कार्कीका साथै निर्वाचन आयोगका पदाधिकारीहरूको उपस्थिति थियो। रासस

# मानवअधिकार संरक्षणमा नेपाल प्रतिबद्ध



**काठमाडौँ।** परराष्ट्रसचिव अमृतबहादुर राईले मानवअधिकार संरक्षणका निम्ति नेपाल पूर्ण प्रतिबद्ध रहेको बताएका छन् । मानव अधिकार परिषद्को बुधबार जेनेभामा सम्पन्न युनिभर्सल पिरियोडिक रिभ्यु (युपीआर) कार्य समूहको ५१औँ सत्रमा नेपालको राष्ट्रिय प्रतिवेदन प्रस्तुत गर्दै उनले उक्त प्रतिबद्धता व्यक्त गरेका हुन्।

संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तरराष्ट्रिय सङ्गठनहरूका लागि जेनेभास्थित नेपालको स्थायी नियोगका अनुसार परराष्ट्रसचिव राईले नागरिक, राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारको प्रवर्द्धन र संरक्षणका साथै लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरणमार्फत मानव अधिकारको क्षेत्रमा नेपालले हासिल प्रगतिबारे जानकारी गराएका थिए।

उक्त सत्रमा परराष्ट्र मन्त्रालयका सहसचिव कृष्णप्रसाद ढकाल, स्विटजरल्याण्डका लागि नेपालका राजदूत रामप्रसाद सुवेदी, परराष्ट्र मन्त्रालय तथा जेनेभास्थित नेपाली नियोगका वरिष्ठ अधिकारीहरु सहभागी थिए। रासस

# रेशम चौधरीको उम्मेदवारी खारेज




**काठमाडौँ।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मनोनयन पत्र दर्ता गरेका उम्मेदवारमाथि परेका उजुरी जाँचबुझ गर्दा कैलाली क्षेत्र नं १ बाट मनोनयन पत्र दर्ता गरेका रेशम चौधरीको उम्मेदवारी खारेज भएको निर्वाचन आयोगले जनाएको छ।

सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. २ का एक, रौतहट जिल्ला क्षेत्र नं. १ का एक, भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. २ का दुई वटा उजुरीको भने दाबी नपुगेको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए। रौतहटको उजुरी बुधबार नै दरपीठ भई उम्मेदवारी कायम रहेको आयोगले जनाएको छ। उम्मेदवारमाथि बुधबार दिउँसो ३ बजेदेखि जाँचबुझ सुरु भएको थियो।

बिहिबार बेलुका ५ बजेसम्म उजुरीमाथि जाँचबुझ गरिएको हो । अब नाम प्रकाशित गर्ने प्रक्रियामा रहेको उनले बताए। बिहिबार बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने निर्वाचन कार्यक्रम रहेको छ । माघ ९ गते शुक्रबार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ।

माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ । त्यसै दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको जनाइएको छ । शुक्रबार ७७ मुख्य निर्वाचन अधिकृतको कार्यालय र ८८ निर्वाचन अधिकृतको कार्यालयमा तीन वटा कार्यक्रम तय गरिएको उनले जानकारी गराए।

देशभरका ७७ मुख्य निर्वाचन अधिकृत र ८८ निर्वाचन अधिकृतको कार्यालयबाट आयोगमा प्राप्त जानकारीअनुसार पुरुष ३०८८, महिला ३९६ र तेस्रो लिङ्गी एक गरी तीन हजार ४८६ को उम्मेदवारी कायम भएको आयोगले जनाएको छ। यीमध्ये चार जिल्लाका पाँच उम्मेदवारमाथि उजुरी परेको थियो। रासस




# निर्वाचन लोकतन्त्र सुदृढ गर्ने ऐतिहासिक अवसरः जेनजी

**काठमाडौँ।** जेन्जी अभियन्ताले आसन्न निर्वाचन मुलुकमा विधिको शासन र लोकतान्त्रिक अभ्यासलाई थप सुदृढ बनाउने ऐतिहासिक अवसर भएको बताएका छन्। उनीहरूले लोकतन्त्र, सुशासन, विकास र राष्ट्रिय एकता सुदृढीकरणका लागि निर्वाचन सफल बनाउनु सबैको साझा दायित्वका रूपमा रहेको धारणा राखे।

जेन्जी अभियान्ता सुप्रिया शाहीले सचेत मतदाताको सक्रिय र अर्थपूर्ण सहभागिताबाट स्वच्छ, निष्पक्ष तथा धाँधलीरहित निर्वाचन सम्पन्न भई सक्षम र जिम्मेवार जनप्रतिनिधि चयन हुनेमा विश्वास व्यक्त गरिन् । उनले भनिन्, ‘जेन्जी पुस्ताले देशमै अवसर खोजिरहेका छन्, निर्वाचनपछि गठन हुने सरकारले सुशासन, पारदर्शीता र जवाफदेहितासहितको शासकीय अभ्यास गर्नुपर्छ’।

अभियन्ता अर्णव चौधरीले युवापुस्ताले उठाउँदै आएका मुद्दालाई निर्वाचनपछि बन्ने सरकारले आत्मसात् गर्ने विश्वास व्यक्त गरे। उनले निष्पक्ष, शान्तिपूर्ण र विविधताको सम्मान हुने गरी व्यापक जनसहभागिता सहित निर्वाचन सम्पन्न गर्न सम्पूर्णले सहयोग गर्नुपर्नेमा जोड दिए।

राजनीतिक दलहरूले आन्तरिक लोकतन्त्र सुदृढ बनाउनुपर्ने र समानुपातिक निर्वाचनमा संविधानको मर्मअनुसार उम्मेदवार छनोट गर्नुपर्ने चौधरीको भनाइ छ । निर्वाचनपछि गठन हुने सरकारले भ्रष्टाचार नियन्त्रण, कानुनको शासन, आधुनिक शिक्षा प्रणाली, लैङ्गिक समानता, सामाजिक न्याय, वातावरण संरक्षण, स्वदेशमै रोजगारी र ‘डिजिटलाइज्ड’ सार्वजनिक सेवामा ध्यान दिनुपर्ने उनले बताए।

जेन्जी फ्रन्टका सुदूरपश्चिम प्रदेशका संयोजक नवीन विष्टले निर्वाचनलाई स्वच्छ, निश्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउनुका साथै सबै नागरिकको सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिए। उनले भने, ‘देशमा भ्रष्टाचार अन्त्य भई सुशासन कायम हुनुपर्ने र जेनजीका माग पूरा हुनुपर्छ । जेन्जी जनआन्दोलन प्रतिनिधि र नेपाल सरकारबीच भएको सम्झौताको प्रभावकारी कार्यान्वयन हुनुपर्छ’ । रासस

# मतदानस्थलको स्थलगत निरीक्षण

**कञ्चनपुर।** जिल्ला सुरक्षा समिति कञ्चनपुरको टोलीले मतदानस्थलको स्थलगत निरीक्षण गरेको छ । कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी मदन कोइरालासहित जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरुले कञ्चनपुरको दोधारा चाँदनी नगरपालिकास्थित मतदानस्थलको स्थलगत निरीक्षण गरेका हुन् । छिमेकी मुलुक भारतसँगको सिमाना जोडिएका स्थलमा सुरक्षा चुनौती देखिएकाले दोधारा चाँदनीबाट मतदानस्थलको स्थलगत निरीक्षण थालेको प्रजिअ कोइरालाले जानकारी दिए। सुरक्षा निकायका प्रमुखसहित दोधारा चाँदनीमा रहेका मतदानस्थलको स्थलगत निरिक्षण गरेका छौँ उनले भने, ‘अनुगमनका क्रममा अवस्था सामान्य देखिएको छ, विद्यालयका प्रधानाध्यापकहरुसँग छलफल गरेका छौँ’ । जिल्ला सुरक्षा समितिको टोलीले तीनवटै निर्वाचन क्षेत्रका मतदानस्थलको निरीक्षण गर्ने प्रजिअ कोइरालाले बताए। सुरक्षाका दृष्टिकोणले मतदानस्थललाई अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी तीन तहमा वर्गीकरण गरी त्यसै अनुरुप सुरक्षाको व्यवस्था मिलाइएको छ । प्रहरीका अनुसार १३२ मतदानस्थल मध्ये ६६ मतदानस्थललाई अतिसंवेदनशील, ४० मतदानस्थल संवेदनशील र २६ मतदानस्थललाई सामान्यको सूचीमा राखिएको छ। जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक खडकबहादुर खत्रीले एकीकृत सुरक्षा योजना बनाएर निर्वाचन सुरक्षाको तयारी गरेको जानकारी दिए । सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण मानिएका मतदानस्थल संवेदनशील क्षेत्रका रुपमा रहेका छन् उनले भने, ‘यसमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी सुरक्षामा खटिने छन्’।

कञ्चनपुर जिल्ला भारतसँग सीमा जोडिएका कारण अतिसंवेदनशील मतदनास्थलको संख्या बढी छ । मतदानस्थलको सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाउनका लागि तीन तहको सुरक्षा घेराको निर्माणको योजना अघि सारिएको छ । मतदानस्थलको भित्री घेरामा नेपाल प्रहरी, म्यादी प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा नेपाली सेनालाई खटाइने व्यवस्था गरिएको छ । तीन निर्वाचन क्षेत्र रहेको कञ्चनपुरमा क्षेत्र नं–१ मा ३४ अतिसंवेदनशील, १४ संवेदनशील र चार मतदान केन्द्र सामान्य छन् । त्यसैगरी क्षेत्र नं–२ मा १७ अतिसंवेदनशील, १३ संवेदनशील र १३ सामान्य मतदानस्थल छन् । निर्वाचन क्षेत्र नं–३ मा १५ अतिसंवेदनशील, १३ संवेदनशील र नौ सामान्य मतदानस्थल रहेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । कञ्चनपुरमा तीन लाख १४ हजार ३८५ मतदाता छन्। रासस

# सुन्तलाले मनग्य मूल्य पाएपछि किसान उत्साहित



**चितवन।**
जिल्लामा सुन्तलाखेती गर्ने किसानले राम्रो मूल्य पाएपछि उत्साहित भएका छन्। विगतको तुलनामा यस वर्ष सुन्तलाले राम्रो मूल्य पाएपछि किसान उत्साहित भएका हुन् । जिल्लाको इच्छाकामना गाउँपालिका र भरतपुर महानगरपालिका– २९ मा सुन्तला खेती हुँदैआएको छ।
इच्छाकामना गाउँपालिका–५ का किसान रामप्रसाद बोहोरा अहिले गत वर्षको तुलनामा सुन्तलाको मूल्य राम्रो पाएपछि खुसी छन् । उनले भने, 'गत वर्षको तुलनामा यसवर्ष किसानले सुन्तलाको मूल्य पाएका छौँ । खुसी छौँ ।' गत वर्षमा मूल्य नपाउँदा निकै समस्या हुने गरेको भए पनि यसवर्ष बोटबाटै प्रतिकिकलो रु १०० भन्दा बढीमा बिक्री हुँदै आएको उनले बताए।
किसानले अहिले सुन्तलालाई ग्रेडिङ्ग (वर्गीकरण) गरेर बिक्री वितरण गर्दै आएको उनले बताए । उनले भने, 'आफ्नो वडाले मात्रै सुन्तलाबाट रु ६० लाख हाराहारी कमाएको छ । अझै सुन्तला बिक्री गर्न बाँकी छ ।' कतिपय किसानले पहिलेनै बिक्री गरिसकेका छन् भने कतिपयको अझै बिक्री गर्न बाँकी रहेको उनले बताए । माघ १५ गतेसम्ममा उत्पादित सुन्तला बिक्री भइसक्ने उनले बताए।
यस्तै भरतपुर महानगरपालिका–२९ चौकिडाँडाका किसान हिक्मत चेपाङ अहिले सुन्तलाको मूल्य राम्रो पाएको भन्दै खुसी छन् । उनीहरुले चेपाङ कृषि समूह बनाएर समूहका सदस्यहरुले व्यावसायिक रुपमा सुन्तलाखेती गर्दै आएका छन्। उनले भने, 'हामी सबैले धेरै थोर क्षेत्रफलमा सुन्तला खेती गरेका छौँ। मूल्य पाएको छ। खुसी छौँ।' अहिले किसानको बारीबाटै व्यवसायीले सुन्तला उठाउने गरेको उनले बताए। प्रतिकिलो रु १०० भन्दा बढीमा सुन्तला बिक्री भएको उनले बताए।
सुन्तलामा विषादी हाल्दा धेरै बचाउन सकिने तर प्राङ्गारिक उत्पादन गर्दा कम बच्ने भएकाले केही समस्या भए पनि अहिले मूल्य पाएकाले आफूहरु उत्साहित भएको उनको भनाइ छ। इच्छाकामना गाउँपालिका कृषि अधिकृत समीक्षा पौडेल व्यावसायिक किसानले सुन्तालालाई ग्रेडिङ्ग गरेर बिक्री गर्दै आएको बताउँछिन् । उनीका अनुसार सानो, मझौला र ठूलो गरेर छुट्याएर बिक्री गर्दै आएको छ। यसरी ग्रेडिङ् गरेर बिक्री गर्दा किसानले उचित मूल्य पाउन सफल भएको उनले बताइन्।
इच्छा कामना गाउँपालिकामा मात्रै यसवर्ष सुन्तला उत्पादनमा कमी आएको छ । उनका अनुसार ९२ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिँदै आएको यस क्षेत्रमा यो वर्ष एक हजार दुई दशमलब आठ मेट्रिकटन सुन्तला उत्पादन भएको छ। उनले भनिन्, 'गत वर्षको तुलनामा यो वर्ष सुन्तला उत्पादन घटेको छ ।' गत वर्ष एक हजार १२० मेट्रिकटन सुन्तला उत्पादन भएको उनले जानकारी दिइन्। सुन्तलाका रुख बुढो हुनु र जलवायु परिवर्तनका कारण रोग लाग्दा उत्पादनमा कमी आए पनि किसानले मूल्य भने राम्रो पाएका हुन् । पौडेलका अनुसार इच्छाकामना गाउँपालिकामा आर्थिक वर्ष २०७९÷८० मा १०८० मेट्रिक टन उत्पादन भएको थियो । २०८०÷८१ मा केही उत्पादन घटेर १०३६ मेटिक टन उत्पादन भएको थियो। २०८१÷८२ मा ११२० मेट्रिकटन र २०८२÷८३ मा १००२.८ मेट्रिकटन उत्पादन भएको उनले जानकारी दिइन्।
गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङ यहाँको सुन्तलाको स्वाद मिठो भएका कारण बजार पाउन गाह्रो छैन। उनले भने, 'यहाँको सुन्तलाको स्वाद राम्रो भएकाले नारायणगढ, मुग्लिन, फिस्लिङ, काठमाडौँ र पोखरामा माग उच्च छ । व्यवसायी बगैँचामै आएर खरिद गर्छन् ।' इच्छाकामनामा सुन्तला खेतीको सम्भावना प्रचुर रहेको भन्दै उनले गाउँपालिका सुन्तलाखेती प्रवद्र्धनमा लागिरहेको बताए । उनले बीउबाट उत्पादित बिरुवा किसानलाई निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको बताउँछन्।
गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्र बस्नेत सन्तुलाका बोटमा लाग्ने रोग नियन्त्रणका लागि जैविकि औषधि, पुराना बोट हटाएर नयाँ बिरुवा रोप्ने कार्यक्रम, किसानलाई थप तालिम र अनुदान जस्ता कार्यक्रम गाउँपालिकाले अघि सारेको बताए । उनले भने, 'कृषि एम्बुलेन्सको व्यवस्था गरेर सुन्तला लगायतका कृषि उपजलाई बजारसम्म पु¥याउन पालिकाले सहयोग गर्दै आएको छ।'
कृषि विकास कार्यालय चितवनकी अधिकृत स्वस्तीका चौहान जिल्लामा सुन्तला उत्पादन राम्रो भएपछि उचित मूल्य पाएको बताउँछन्। १४५ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती हुँदै आएको बताउँदै उनले अहिले किसान सन्तुष्ट भएको बताए।
अझै केही ठाउँको उत्पादन टिप्न बाँकी रहेकाले यस वर्षको उत्पादन कति भन्न सक्ने अवस्थामा नरहेको उनको भनाइ छ । भरतपुर महानगरपालिका–२९ को विभिन्न स्थानमा अझै सुन्तला टिप्न बाँकी रहेको छ। रासस

# घरेलु उद्यममा व्यस्त भोजपुरका दुई दिदीबहिनी



**भोजपुर।**
भोजपुरका दुई दिदीबहिनीले पछिल्ला चार दशकभन्दा बढी समयदेखि परम्परागत ऊनी कपडा बुन्ने घरेलु उद्योग सञ्चालन गर्दै आएकी छिन् । आधुनिक प्रविधि र रेडिमेड कपडाको बढ्दो प्रयोगका बीच पनि परम्परागत सीपको संरक्षण र पुस्तान्तरण गर्ने उद्देश्यले रसिला ताम्राकार र हीरामाया ताम्राकारले ४२ वर्षदेखि निरन्तर रुपमा यो पेसालाई जीवित राख्दै आएकी हुन्।
परम्परागत चर्खा तथा होजियारी मेसिनको प्रयोग गरी ऊनी धागोबाट स्विटर, चौबन्दीचोलो, ब्लाउज, मफ्लर, टोपीलगायत कपडा उत्पादन गर्दै आएको रसिला ताम्राकारले बताउँछिन् । विद्यार्थी, स्थानीय बासिन्दा तथा विशेष अर्डरका ग्राहकको मागअनुसार डिजाइन र साइजमा कपडा तयार गर्ने गरिएको उनको भनाइ छ । विगतमा भोजपुरमा आधा दर्जनभन्दा बढी यस्ता घरेलु ऊनी उद्योग सञ्चालनमा रहेपनि पछिल्ला वर्षहरूमा अधिकांश बन्द भइसकेका छन्। विविध चुनौतीको सामना गर्दै आफूहरूले चार दशकदेखि यही पेसालाई निरन्तरता दिँदै आएको बताइन्।
'हामीले २०४० सालदेखि निरन्तर यही पेसा गर्दै आएका छौँ', रसिला ताम्राकारले भनिन्, 'पहिला धेरैको रोजगारी बनेको यो पेसा अहिले लोप हुने अवस्थामा पुगेको छ। परम्परागत सीप जोगाउने उद्देश्यले नै हामी यसमा टिकिरहेका छौँ।'
'अजिमा ऊनी वस्त्रालय' नामबाट सञ्चालन भइरहेको यस उद्योगबाट वार्षिक करिब रु सात लाखसम्मको कारोबार हुने गरेको छ।
कच्चा पदार्थ तथा अन्य खर्च कटाएर पनि करिब ५० प्रतिशतसम्म आम्दानी हुने गरेको उनीहरूको भनाइ छ। यहाँ उत्पादन भएका ऊनी कपडा उपहारका रूपमा देशका विभिन्न जिल्लासँगै विदेश पनि पुग्ने गरेको हिरामाया ताम्राकारले जानकारी दिइन् । उद्योग सञ्चालनका लागि धागो तथा अन्य कच्चा पदार्थ धरान, इटहरीलगायत सहरबाट ल्याइने गरिएको छ।
स्थानीय तहबाट प्रवद्र्धन, सीप हस्तान्तरणका कार्यक्रम तथा बजार व्यवस्थापनमा सहयोग भएमा परम्परागत घरेलु उद्योगले रोजगारी सिर्जना गर्नाका साथै स्थानीय संस्कृति संरक्षणमा पनि योगदान पुग्ने यहाँका ज्येष्ठ नागरिक बताउँछन्। रासस

# हसिनाको निष्कासनपछि बङ्गलादेश चुनावी प्रचारमा प्रवेश



**ढाका।**
लामो समयसम्म प्रधानमन्त्री रहेकी शेख हसिनालाई अपदस्थ गरेको सन् २०२४ को विद्रोहपछि बङ्गलादेशको पहिलो राष्ट्रिय चुनावका लागि बिहीबारदेखि औपचारिक प्रचार अभियान सुरु भएको छ । हसिनाको निष्कासनपछि र नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकार अन्तर्गत पहिलोपटक हुन लागेको फेब्रुअरी १२ मा हुने यो निर्वाचनलाई बङ्गलादेशको इतिहासमै अत्यन्त महत्त्वपूर्ण मानिएको छ।
राजधानी ढाका तथा देशका अन्य भागमा प्रमुख राजनीतिक दलहरूले ¥याली र सभामार्फत प्रचार थालेका छन्। यस चुनावमा मतदाताले प्रस्तावित राजनीतिक सुधारसम्बन्धी राष्ट्रिय चार्टरबारे पनि निर्णय गर्नेछन्। अन्तरिम सरकारले स्वतन्त्र र निष्पक्ष चुनाव गराउने वाचा गरेको छ। तर हसिनाको पूर्व सत्तारूढ अवामी लिगलाई प्रतिबन्ध लगाएपछि सरकारको निष्पक्षतामाथि प्रश्न उठेका छन् । अवामी लिग र बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) ले परम्परागत रूपमा देशको राजनीतिमा प्रभुत्व जमाउँदै आएका थिए । साथै, देशको कानून–व्यवस्थाको अवस्थाबारे पनि चिन्ता व्यक्त गरिएको छ, यद्यपि सरकारले शान्तिपूर्ण मतदान हुने आश्वासन दिएको छ।
सयौँ प्रदर्शनकारीको ज्यान गएको हिंसात्मक दमनपछि शेख हसिना अगस्ट ५, २०२४ मा मुलुक छाडेर भारत पलायन भएकी थिइन्। त्यसको तीन दिनपछि युनुसले अन्तरिम सरकारको नेतृत्व सम्हालेकी हुन् । अवामी लिग चुनाव प्रक्रियाबाट बाहिरिएपछि इस्लामवादी दल जमात–ए–इस्लामीको नेतृत्वमा रहेको १० दलीय गठबन्धनले आफ्नो प्रभाव विस्तार गर्ने प्रयास गरिरहेको छ । यस गठबन्धनमा विद्रोहका विद्यार्थी नेताहरूले गठन गरेको नेसनल सिटिजन पार्टी (एनसिपी) पनि सामेल छ । जमात–ए–इस्लामीले भने धर्मनिरपेक्ष समूहहरूबाट आलोचना खेप्दै आएको छ, जसले यसको भूमिकाले बङ्गलादेशको धर्मनिरपेक्ष आधारलाई चुनौती दिने बताउँदै आएका छन्।
बिएनपीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री खालिदा जियाका छोरा तारिक रहमानलाई प्रधानमन्त्री पदका प्रमुख दावेदारका रूपमा हेरिएको छ। उनी संयुक्त अधिराज्यमा १७ वर्ष निर्वासनमा बसेपछि गत महिना स्वदेश फर्केका हुन् र बिहीबार उत्तरपश्चिमी सहर सिल्हटबाट आफ्नो चुनावी अभियान सुरु गर्दै छन्।
यस निर्वाचनसँगै राष्ट्रिय चार्टरमा जनमतसङ्ग्रह पनि हुनेछ। अन्तरिम सरकारले यसलाई नयाँ राजनीतिक मार्गका रूपमा व्याख्या गरेको छ।
सन् २०२४ को विद्रोहको नामबाट राखिएको यो चार्टर हाल बाध्यकारी छैन, तर समर्थकहरूले यसलाई संविधानको हिस्सा बनाउन जनमतसङ्ग्रह आवश्यक रहेको बताएका छन्। सरकारले यो चार्टरले शक्तिको सन्तुलन, कार्यकाल सीमा र भ्रष्टाचार नियन्त्रणजस्ता उपायमार्फत भविष्यका अधिनायकवादी शासनबाट जोगाउने दाबी गरेको छ। रासस

# नौ अर्ब ७७ करोडभन्दा बढीको पेट्रोलियम पदार्थ आयात

**झापा।**
चालु आर्थिक वर्ष २०८२÷८३ को पुस मसान्तसम्म पूर्वी नाका काँकरभिट्टाबाट रु नौ अर्ब ७७ करोडभन्दा बढीको पेट्रोलियम पदार्थ आयात भएको छ । यहाँबाट पेट्रोल, डिजेल, एलपी ग्यास, एटिएफ, मट्टितेल गरी रु नौ अर्ब ७७ करोड दुई लाख ३२ हजार मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको हो । मेची भन्सार कार्यालयका सूचना अधिकारी एंव भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंका अनुसार अघिल्लो आव २०८१÷८२ को सोही अवधिको तुलनामा रु ५१ करोड ५९ लाख ४३ हजार अर्थात् पाँच दशमलव ६० प्रतिशतले पेट्रोलियम पदार्थको आयातमा वृद्धि भएको छ।
आयात बढेसँगै पेट्रोलियम पदार्थबाट प्राप्त राजस्व पाँच दशमलव ७० प्रतिशत अर्थात् रु २५ करोड ४२ लाख ४० हजारले बढेको उनले जानकारी दिए । कार्यालयको तथ्याङ्कअनुसार चालु आवको छ महिनामा पेट्रोलियम पदार्थ आयातबाट रु चार अर्ब ७४ करोड ९४ लाख ३६ हजार राजस्व सङ्कलन भएको छ।
उक्त अवधिमा रु चार अर्ब ७२ करोड छ लाख मूल्य पर्ने ५३ हजार १५२ किलोलिटर पेट्रोल आयात भएको थियो।
यसैगरी रु तीन अर्ब २२ करोड ६५ लाख मूल्य पर्ने ३३ हजार ७४४ किलोलिटर डिजेल आयात भएको छ। यस्तै, छ महिनाको अवधिमा रु एक अर्ब २४ करोड सात लाख मूल्य पर्ने १२ हजार ८११ मेट्रिक टन एलपी ग्यास, रु ३७ करोड ९४ लाख मूल्य पर्ने चार हजार ११२ किलोलिटर एटिएफ र रु नौ करोड पाँच लाख मूल्य पर्ने ९६४ किलोलिटर मट्टितेल आयात भएको कार्यालयको तथ्याङ्क छ। रासस

# कराचीः मल आगलागीमा मृतक संख्या ५५ पुग्यो



**इस्लामावाद।**
पाकिस्तानको सबैभन्दा ठूलो सहर कराचीस्थित एक मलमा भएको भीषण आगलागीमा ज्यान गुमाउनेको संख्या कम्तीमा ५५ पुगेको कराचीका एक सरकारी अधिकारीले बिहीबार बताएका छन् । कराचीको दक्षिणी जिल्लाका उपायुक्त जावेद नबी खोसोले भने, 'शनिबार राति आगलागी भएपछि हालसम्म कुल ५५ जनाको शव उद्धार गरिएको छ ।' उनका अनुसार उद्धार कार्य अझै जारी छ र भग्नावशेषभित्र मानव अवशेष खोज्ने प्रयास भइरहेको छ।
तीन तले गुल प्लाजामा भएको उक्त आगलागीपछि अझै केही व्यक्ति बेपत्ता रहेको आशङ्कामा आफन्तहरूले उद्धार कार्य ढिलो भएको भन्दै आलोचना गरेका छन् । घटनास्थलमा उद्धारकर्ताहरूले निरन्तर खोजी गरिरहे पनि धेरै परिवार अझै आफ्ना प्रियजनको अवस्थाबारे अनिश्चिततामा रहेका छन्। प्रान्तीय स्वास्थ्य अधिकारी डा सुमैया सैयदले बुधबार पत्रकारहरूसँग कुरा गर्दै ५० भन्दा बढी परिवारले डिएनए नमूना उपलब्ध गराइसकेको जानकारी दिए । उनले सिभिल अस्पताल कराचीको शवगृह बाहिर भने, 'डिएनए नमूनाहरू मिलान भएपछि मात्र हामी शव वा अवशेष सम्बन्धित परिवारलाई सम्मानपूर्वक हस्तान्तरण गर्नेछौँ।'
कराचीका बजार र कारखानाहरूमा कमजोर पूर्वाधारका कारण आगलागीका घटना बेला–बेला हुने गरेको पाइन्छ । तर अधिकारीहरूका अनुसार यसपटकको आगलागीको परिमाण र मानवीय क्षति असाधारण र दुर्लभ रहेको छ। यस घटनाबारे छानबिन गर्न सरकारी समितिले अनुसन्धान सुरु गरिसकेको छ । तर आगलागी कसरी र किन भयो भन्ने विषयमा हालसम्म स्पष्ट कारण पत्ता लाग्न सकेको छैन। रासस

# ट्रम्पको कदमपछि युरोपमा राहत



**स्वीट्जरल्याण्ड।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्यान्डसम्बन्धी आफ्नो कडा अडान नाटकीय रूपमा परिवर्तन गरेपछि युरोपेली देशहरूले बिहीबार राहतको सास फेरेका छन् । स्विट्जरल्यान्डको डाभोसमा जारी विश्व आर्थिक फोरममा सहभागी युरोपेली नेताहरूले एक दिनअघि मात्रै आठ युरोपेली राष्ट्रमा शुल्क लगाउने धम्की दिएका ट्रम्पको पछिल्लो अभिव्यक्तिलाई सकारात्मक सङ्केतका रूपमा लिएका छन्।
राष्ट्रपति ट्रम्पले अब ग्रिनल्यान्ड कब्जा गर्न बल प्रयोग नगर्ने र आर्कटिक सुरक्षाबारे नाटोसँगको सहकार्यमा नयाँ ढाँचा तयार गर्ने बताएका छन् । तर यो नयाँ ग्रिनल्यान्डसम्बन्धी समझदारीले वास्तवमा के जनाउँछ भन्ने विषयमा अझै धेरै प्रश्नहरू अनुत्तरित नै रहेका छन्।
यसैबीच, डेनमार्ककी प्रधानमन्त्री मेट्टे फ्रेडरिक्सनले आफ्नो देशको सार्वभौमसत्तामा कुनै पनि प्रकारको वार्ता सम्भव नभएको स्पष्ट पारेका छन् । अमेरिकी पक्षले ग्रिनल्यान्डमाथि बल प्रयोग नगर्ने र आर्कटिक सुरक्षाका लागि नाटोसँग सहकार्य गर्ने बताएको सन्दर्भमा उनलाई 'यस्तो कुनै प्रस्ताव नरहेको' जानकारी दिइएको उनको भनाइ छ।
एक वक्तव्यमा उनले आर्कटिक क्षेत्रको सुरक्षा सम्पूर्ण नाटोको साझा विषय भएको र यसबारे अमेरिकी राष्ट्रपति र नाटो महासचिव मार्क रुटबीच छलफल हुनु स्वाभाविक भएको बताएका छन् । उनले डाभोसमा राष्ट्रपति ट्रम्पसँग भेटघाट हुनु अघि र पछि समेत महासचिव रुटसँग निरन्तर सम्पर्कमा रहेको जानकारी दिए।
डाभोसकै कार्यक्रममा अमेरिकी विशेष दूत स्टिभ विटकफले राष्ट्रपति ट्रम्पले युक्रेनका लागि 'ट्यारिफ–फ्री जोन' जस्तो अवधारणा विचार गरिरहेको खुलासा गरे । उनका अनुसार यसले युद्धग्रस्त युक्रेनमा उद्योग र अर्थतन्त्रको पुनर्निर्माणमा ठूलो सहयोग पु¥याउन सक्छ । 'राष्ट्रपतिले युक्रेनका लागि शुल्कमुक्त क्षेत्रको कुरा गर्नुभएको छ, जुन मेरो विचारमा खेल परिवर्तन गर्ने खालको हुनेछ', विटकफले युक्रेन ब्रेकफास्ट नामक साइडलाइन कार्यक्रममा भने।
रुस–युक्रेन युद्ध अन्त्य गर्न शान्ति सम्झौताका लागि पहल गरिरहेको अमेरिकी प्रशासनको तर्फबाट विटकफले मस्को जानुअघि यी टिप्पणीहरू गरेका हुन् । उनले अबुधाबी क्षेत्रतर्फ पनि भ्रमण गर्ने योजना रहेको बताउँदै त्यहाँ सैन्य–देखि–सैन्य संवाद र समृद्धिसम्बन्धी विषयमा कार्य समूहस्तरका छलफल हुने जानकारी दिए।
यता, डाभोसमा उपस्थित युरोपेली प्रतिनिधिहरूले ट्रम्पको पछिल्लो अभिव्यक्तिले तत्कालका लागि तनाव कम गरेको प्रतिक्रिया दिएका छन्।
विश्व आर्थिक फोरमको एक कार्यक्रममा युक्रेन युद्ध र आर्कटिक सुरक्षाबारे नाटो महासचिव रुटसँग छलफल हुने कार्यक्रमलाई समेत महत्वका साथ हेरिएको थियो । ट्रम्पको ग्रिनल्यान्डसम्बन्धी अडान फेरिएसँगै युरोपमा तत्कालको सङ्कट टरेको अनुभूति भए पनि यसको दीर्घकालीन प्रभावबारे अझै स्पष्टता आउन बाँकी रहेको विश्लेषकहरूको भनाइ छ। रासस

# प्रेस काउन्सिलमा छ महिनामा १६३ उजुरी




**काठमाडौँ।**
चालु आर्थिक वर्षको छ महिनामा प्रेस काउन्सिल नेपालमा एक सय ६३ उजुरी दर्ता भएका छन् । काउन्सिलका अनुसार आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म १६३ वटा उजुरी दर्ता भएका छन्।

दर्ता भएका उजुरीमध्ये पत्रकार आचारसंहिताको प्रक्रियाबमोजिम पत्राचार भएपश्चात् ७७ वटा खण्डन सम्प्रेषण भएका, ५२ वटा पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएको र १४ वटा क्षमायाचना÷भूलसुधार भएको सहप्रवक्ता रामशरण बोहराले जानकारी दिए । यसैगरी पाँचवटाले सामग्री स्थगन गरेका, १० वटालाई स्पष्टीकरण सोधिएको, पाँच वटालाई निर्देशन एवं सचेत गराइएको छ भने यस अवधिमा एक सञ्चारमाध्यमलाई अवज्ञाकारी÷कालोसूचीमा राखी कारबाही गरिएको छ।

यस्तै, यस अवधिमा ६३२ वटा मिडिया÷वेबपोर्टल÷सामाजिक सञ्जालका ७४४ सामग्री स्वअनुगमन भएका छन् । प्रवक्ता बोहराद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ जसमध्ये ४४७ वटा मिडिया र १८५ वटा गैरमिडिया रहेका छन्, आचारसंहिता उल्लङ्घनको गम्भीरताका आधारमा १३६ वटा मिडिया र २७ वटा गैरमिडियालाई निर्देशन एवं सचेत गराइएको छ। कुनै पनि सम्पर्क नभएका २० वटा गैरमिडियाका सम्बन्धमा अनुसन्धान गरी कारबाही गर्न सम्बन्धित निकायमा पत्राचार भएको छ।

काउन्सिलले पत्रकार तथा सञ्चारमाध्यमबाट पत्रकार आचारसंहिता पालना भए÷नभएको विषयमा नियमित अनुगमन गरिरहेकामा निर्वाचन आचारसंहिता लागू भएको परिप्रेक्ष्यमा निर्वाचन आचारसंहिता पालना भए÷नभएको विषयमा विशेष अनुगमन प्रक्रिया थालनी गरेको जनाएको छ।

निर्वाचनको समयमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले राजनीतिक दल तथा उम्मेदवारका बारेमा आधारहीन, अप्रमाणित तथ्यलाई लिएर विभिन्न टीकाटिप्पणी, आरोप–प्रत्यारोप, होच्याउने, मिथ्या सूचना, दुष्प्रचार, चरित्रहत्या हुने किसिमले सामग्री सम्प्रेषणका घटनाहरू हुनसक्ने र कुनै राजनीतिक दलका नेताहरूबाट अर्को राजनीतिक दल तथा दलका नेताहरूविरुद्ध द्वेषपूर्ण अभिव्यक्ति (हेट स्पिच) आउनसक्ने र त्यस्ता सामग्रीहरू सञ्चारमाध्यमलाई प्राप्त हुन सक्ने हुँदा त्यस्ता सामग्रीलाई स्थान नदिन र कसैको पक्ष वा विपक्ष हुने एवं राजनीतिक दल वा उम्मेदवारको चरित्रहत्या हुने सामग्री सम्प्रेषण हुन नदिनेतर्फ सञ्चारमाध्यम, पत्रकार, सञ्चारकर्मी सदैव सजग हुनुपर्छ काउन्सिलले विज्ञप्तिमा भनेको छ।

यसैगरी पत्रकारिताका मूल्य÷मान्यताविपरीत गैरपेसागत आचरण गर्ने, तथ्यगत परीक्षण एवं आधार÷प्रमाण बेगर सामग्री सम्प्रेषण गर्ने, सामाजिक सञ्जालको दुरूपयोग गरी समाजमा उत्तेजना÷अफवाह भ्रम फैलाउने, परिस्थितिलाई उत्तेजक बनाउन नियोजित रूपमा गलत, मिथ्या एवं तथ्यलाई तोडमरोड गरी सामग्री प्रकाशन गर्ने, पेसागत आचरणविपरीत एवं गैरकानुनी कार्य भएको हुँदा त्यस्ता कार्य हुन नदिनेतर्फ सजग रहन सञ्चारमाध्यम, आमपत्रकार एवं सञ्चारकर्मीमा आग्रह गरिएको छ। रासस

# काठमाडौँमा सात लाख १० हजार ७०८ मतदाता

**काठमाडौँ ।**
सङ्घीय राजधानी रहेको जिल्ला काठमाडौँका १० वटै निर्वाचन क्षेत्रमा सात लाख १० हजार ७०८ मतदाता कायम भएका छन् । यसमा महिला तीन लाख ६४ हजार, पुरुष तीन लाख ४६ हजार ११६ र सात रहेको जिल्ला निर्वाचन कार्यालय काठमाडौँले जनाएको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि काठमाडौँमा मतदान स्थल ३२० र मतदान केन्द्र ८१७ कायम गरिएको जिल्ला निर्वाचन अधिकारी ठाकुरप्रसाद भट्टराईले जानकारी दिए । काठमाडौँ, निर्वाचन क्षेत्र नं. १ मा मतदान स्थल २२, मतदान केन्द्र ५७ छ । यहाँ २५ हजार २५२ महिला र २३ हजार २३७ पुरुष गरी कुल ४८ हजार ८४९ मतदाता रहेका छन् ।

यसैगरी क्षेत्र नं. २ मा मतदान स्थल ४०, मतदान केन्द्र १०० छ । यस क्षेत्रमा पुरुष मतदाता ४५ हजार ३१५ र महिला मतदाता ४३ हजार ३९३ गरी कुल मतदाता ८८ हजार ७०८ रहेको पनि उनले सुनाए । क्षेत्र नं. २ काठमाडौँ जिल्लाका १० वटै निर्वाचन क्षेत्रमा सबैभन्दा बढी मतदाता रहेको क्षेत्र हो ।

काठमाडौँ जिल्ला निर्वाचन क्षेत्र नं. ३ मा मतदान स्थल २९ र मतदान केन्द्र ७२ रहेको छ । यो निर्वाचन क्षेत्रमा महिला मतदाता ३२ हजार ९२३ र पुरुष मतदाता ३१ हजार ५५६ गरी कुल ६४ हजार ४७९ मतदाता रहेका छन् । क्षेत्र नं. ४ मा ३३ मतदान स्थल, ८८ मतदान केन्द्र रहेको छ । यहाँ ३९ हजार ५९९ महिला र ३६ हजार ५४२ पुरुष गरी ७६ हजार १४१ मतदाता रहेका छन् ।

क्षेत्र नं. ५ मा मतदान स्थल ३१, मतदान केन्द्र ९० रहेको छ । ४० हजारु ८३२ महिला, ३७ हजार २७८ पुरुष र अन्य चार गरी कुल मतदाता ७८ हजार ११४ रहेका छन् । क्षेत्र नं. ६ मा मतदान स्थल ३२, मतदान केन्द्र ७९ रहेको छ । यहाँ महिला ३४ हजार ९५६, पुरुष ३२ हजार ८०२ र अन्य एक गरी कुल मतदाता ६७ हजार ७५९ रहेको छ ।

क्षेत्र नं. ७ मा मतदान स्थल २९, मतदान केन्द्र ७८ रहेको छ । महिला ३४ हजार ७३८ र पुरुष ३२ हजार ६७३ गरी कुल ६७ हजार ४११ मतदाता रहेका छन् । क्षेत्र नं. ८ मा मतदान स्थल २३ र मतदान केन्द्र ६५ रहेको छ । महिला २९ हजार ८९८ र पुरुष २७ हजार ९१३ गरी कुल ५७ हजार ८११ मतदाता रहेका छन् ।

क्षेत्र नं. ९ मा ३४ मतदान स्थल र मतदान केन्द्र ९० रहेको छ । महिला ४० हजार २७८ र पुरुष ३८ हजार २१७ गरी कुल ७८ हजार ४९५ रहेका छन् । क्षेत्र नं. १० मा मतदान स्थल ४७ र मतदान केन्द्र ९८ रहेको छ । यहाँ महिला ४२ हजार ७१६, पुरुष ४० हजार ५८३ र अन्य दुई गरी कुल मतदाता ८३ हजार ३०१ रहेका छन् ।

काठमाडौँ जिल्ला निर्वाचन क्षेत्र नं. १ मा ३०, क्षेत्र नं. २ मा २२, क्षेत्र नं. ३ मा २४, क्षेत्र नं.४ मा २८, क्षेत्र नं. ५ मा २७, क्षेत्र नं. ६ मा २२, क्षेत्र नं. ७ मा २८, क्षेत्र नं. ८ मा २२, क्षेत्र नं. ९ मा २७ र क्षेत्र नं.१० मा पनि २७ उम्मेद्वार मनोनयन पत्र दर्ता गराएको पनि जिल्ला निर्वाचन अधिकारी भट्टराईले बताए । काठमाडौँका १० वटै निर्वाचन क्षेत्रमा गरी २५७ उम्मेद्वारले मनोनयन पत्र दर्ता गराएको जानकारी पनि उनले दिए । रासस




# महाशिवरात्री पर्वको तयारी शुरु

**काठमाडौँ।**
पशुपति क्षेत्र विकास कोषले यस वर्षको महाशिवरात्री पर्वको तयारी सुरु गरेको छ । तयारीका लागि कोषले अनौपचारिक छलफलसहित सेवा शिविर सञ्चालन गर्न चाहने धार्मिक, सांस्कृतिक, सामाजिक, शैक्षिक एवं औद्योगिक सङ्घ संस्थाका लागि सूचना आह्वान गरेको छ।




कोषले बिहिबार सूचना सार्वजनिक गरी महाशिवरात्रिमा देश विदेशबाट आउने साधुसन्त, भक्तजन तथा तीर्थयात्रीका लागि निःशुल्क रुपमा भोजन, आवास, पिउने पानी, स्वास्थ्य सेवा, स्वयंसेवक सेवालगायतका विभिन्न प्रकारका सेवा शिविर सञ्चालन गरी सेवा प्रदान गर्न इच्छुक धार्मिक, सामाजिक, शैक्षिक, औद्योगिक सङ्घ–संस्था एवं प्रतिष्ठानबाट निवेदन आह्वान गरिएको सूचना अधिकारी अनिता भट्टले जानकारी दिए । सेवा सञ्चालन गर्न चाहने सङ्घ–संस्थाले सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा नेपाल सरकारबाट प्रचलित कानुनबमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपिसहित निवेदन आह्वान गरिएको उनले बताए । संस्थाहरुले सेवाको प्रकृति, संख्या, सेवा शिविर सञ्चालन हुने अवधिलगायतका आवश्यक विवरण स्पष्ट रुपमा उल्लेख गरी माघ २० गतेभित्र प्राप्त हुने गरी कोषले आवेदन आह्वान गरेको हो। माघ २० गतेभित्र उल्लेख गरिएको विवरणसहित आवेदन पेस नगर्नेलाई शिविर सञ्चालनको स्थान उपलब्ध गराउन तथा सेवा कार्यमा सहभागी गराउन नसकिने पनि सूचना अधिकारी भट्टले बताए।

धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले भरिपूर्ण सुन्दर, शान्त र आध्यात्मिक केन्द्र पशुपति क्षेत्रमा महाशिवरात्रि पर्व २०८२ लाई सभ्य, भव्य तथा दिव्य रुपमा सम्पन्न गर्न सबैको सक्रिय सहभागिताका लागि पनि कोषले सबैमा अपिल गरेको छ। यस वर्षको महाशिवरात्रि पर्व रात्रिमा फाल्गुनकृष्ण चतुर्दशी परेको दिन आगामी फागुन ३ गते आइतबार परेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले स्वीकृति दिएका पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ। रासस

# झापा–५ मा सबैभन्दा बढी मतदाता

**पा ।**
जिल्लाका पाँचवटा निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी मतदाता क्षेत्र नम्बर ५ मा रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । कार्यालयका प्रमुख तुलसी नेपालका अनुसार यसपटक थपिएका ५० हजार नयाँ मतदातासहित जिल्लामा सात लाख १३ हजार ५३७ मतदाता रहेका छन् ।

उनले क्षेत्र नम्बर ५ मा मात्र ८१ हजार ८१ पुरुष, ८२ हजार २९६ र अन्य दुई गरी एक लाख ६३ हजार ३७९ मतदाता रहेको जानकारी दिए । यस क्षेत्रमा ६१ वटा मतदानस्थल र १८५ वटा मतदान केन्द्र रहेका छन् । क्षेत्र नम्बर ४ मा ६६ हजार २८३ पुरुष, ६४ हजार ४२८ महिला र अन्य एकसहित एक लाख ३० हजार ७१२ मतदाता छन् भने ६३ वटा मतदानस्थल र १५६ वटा मतदान केन्द्र रहेको उनले जानकारी दिए ।

क्षेत्र नम्बर ३ मा ७१ हजार १७४ पुरुष, ६९ हजार ६८३ महिलासहित एक लाख १० हजार ८५७ मतदाता, ६७ वटा मतदानस्थल र १६४ वटा मतदान केन्द्र रहेका छन् । क्षेत्र नम्बर २ मा ७३ हजार ९५० पुरुष, ७३ हजार ५६७ महिला र अन्य पाँचसहित एक लाख ४७ हजार ५२२ मतदाता रहेका छन् । यहाँ ४९ वटा मतदानस्थल र १६५ वटा मतदान केन्द्र रहेको कार्यालयले जनाएको छ ।

यसैगरी क्षेत्र नम्बर १ मा ६५ हजार ८५८ पुरुष, ६५ हजार २०९ महिलासहित ४३ वटा मतदानस्थल र १४५ मतदान केन्द्र रहेको कार्यालय प्रमुख नेपालले जानकारी दिए । रासस

# सकारात्मक भाष्य निर्माण गर्नुपर्नेमा जोड



काठमाडौँ ।
समाजको आर्थिक पक्षमा मात्रै नभई सामाजिक पक्षमा समेत महत्वपुर्ण योगदान पु¥याँउदै आएको वैदेशिक रोजगार क्षेत्रप्रति सकारात्मक भाष्य निर्माण गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले बिहिबार आयोजना गरेको ‘वैदेशिक रोजगारको भाष्य विनिर्माण’ कार्यक्रमका वक्ताहरुले वैदेशिक रोजगारको सकारात्मक पक्षबारे आफ्ना धारणा राखेका थिए । उक्त कार्यक्रममा पत्रकार, मानव अधिकारकर्मी लगायतको उपस्थिति थियो ।

कार्यक्रममा सञ्जालका अध्यक्ष अधिवक्ता कृष्णप्रसाद न्यौपानेले आप्रवासनमा जानेहरुलाई मानवीय दृष्टिले हेरिनु पर्ने बताए । विदेश जानु कुनै अपराध नभएकाले त्यहाँबाट प्राप्त सीप र ज्ञानको सही सदुपयोग गर्नेतर्फ राज्यले सोच्नुपर्ने उनको भनाइ थियो । पत्रकार बबिता बस्नेतले वैदेशिक रोजगारका विषयमा मिडियाको दृष्टिकोणबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।

उनको कार्यपत्रमा वैदेशिक रोजगारका विषयमा प्रायः नकारात्मक समाचारलाई प्राथमिकता दिइने गरिएको र सकारात्मक विषयहरु उठान गर्न चुकेको निस्कर्ष थियो । पौरखी नेपालका अध्यक्ष सत्राकुमारी गुरुङले विदेशबाट फर्किएपछि समाजमा आफूले सुरुका दिनमा भोगेको मनोवैज्ञानिक विभेद सुनाएका थिए ।

उनले वैदेशिक रोजगारमा जाने महिलाहरुलाई समाजले अझैपनि सकारात्मक रुपले नहेर्ने गरेको बताउँदै यही मनोविज्ञानलाई चिर्न पनि संस्थामा आबद्ध भइ अभियान चलाएको प्रष्ट पारे । वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र मानव अधिकार सम्पन्न बनाउनुपर्नेमा उनको जोड थियो । रासस

# मुख्यसचिव पौडेलद्वारा राजीनामा

**काठमाडौँ ।**
नेपाली कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले आफ्नो पदबाट राजीनामा दिएका छन् ।

राष्ट्रियसभा सदस्यसमेत रहेका उनले बिहिबार पदबाट राजीनामा दिएको पार्टी कार्यालयले जनाएको छ । कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट नयाँ कार्यसमिति चयन भएपछि पौडेलल मुख्यसचिव पदबाट राजीनामा दिएको बताइएको छ ।

तत्कालीन महामन्त्री गगनकुमार थापाको सभापतित्वमा यही माघ १ गते नयाँ कार्यसमिति सर्वसम्मत रुपमा चयन भएको थियो । उक्त कार्यसमितिको बैठक पहिलो पटक शुक्रबार केन्द्रीय कार्यालय सानेपामा बस्ने तय भएको छ । रासस

# आमाको नामबाट नागरिकता

**म्याग्दी ।**
बेनी नगरपालिका–७ का समिर खान र यास्मिन बेगमले एक दशकको प्रतीक्षापछि आमाको नामबाट नागरिकता प्राप्त गरेका छन् । जिल्ला प्रशासन कार्यालयले मङ्गलबार समिर र यास्मिनलाई आमा मनिरजा बेगमका नामबाट नागरिकता उपलब्ध गराएको हो । नागरिकताका लागि समीरले ११ वर्ष र यास्मिनले आठ वर्षअघि प्रशासनदेखि गृह मन्त्रालयसम्म सबै प्रक्रिया पूरा गरेर आवेदन पेस गरेका थिए ।



नागरिकता ऐन, २०६३ को दोस्रो संशोधन तथा नियमावलीको चौथो संशोधनपछि समीर र यास्मिनलाई आमाका नामबाट नागरिकता प्रदान गरिएको सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले बताए । समीर र यास्मिनका आमा मनिरजा नेपाली हुनुहुन्छ भने उनका श्रीमान् सलिम खान भारतको कलकत्ताका हुन् । ३४ वर्षअघि विवाह भए पनि मनिरजाले बेनीमा शृङ्गार व्यवसाय गर्दै आएका छन् । श्रीमान् सलिमले भारतको नागरिकता त्यागिसकेका छन् ।

उनले विसं २०५२ र २०६४ मा नेपालमा भएका निर्वाचनमा मतदानसमेत गरिसकेको बताए । समीर र यास्मिनको साबिक अर्थुङ्गे गाविसमा जन्मदर्ता छ । दुवैले उच्च शिक्षा हासिल गरे पनि नागरिकता नपाएका कारण पेसा, व्यवसाय गर्न र जागिर खान तथा वैदेशिक रोजगारीमा जानबाट वञ्चित हुनुपरेको थियो ।

नागरिकता प्राप्त भएपछि बल्ल नागरिक भएको महसुस गरेको समीर र यास्मिनको प्रतिक्रिया छ । नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ राजपत्रमा प्रकाशन गरेसँगै नागरिकता ऐन २०६३ को व्यवस्था कार्यान्वयनमा आएको हो । यसअघि पुस २९ गते मालिका गाउँपालिका–५ देविस्थानकी २२ वर्षीया सीमा पुनलाई जिल्लामै पहिलोपटक आमाका नामबाट नागरिकता प्रदान गरिएको थियो । रासस

# ‘ह्याट्रीक’ जितको दाउमा प्रदीप यादव

**हरिशंकर शर्मा**
**वीरगंज ।**

२०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा तत्कालीन पर्सा क्षेत्र नम्बर २ बाट मधेसी जनअधिकार फोरम नेपालका उम्मेदवार बनेका प्रदीप यादव एमालेका उम्मेदवार विचारी यादवसँग झिनो मतान्तरले पराजित भएका थिए । तर त्यसपछि भएका संसदीय निर्वाचनमा भने उनले हारको सामना गर्नु परेन । २०७४ र २०७९ सालमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा लगातार दुई पटक पर्सा क्षेत्र नम्बर १ बाट विजयी हुँदै यादवले इतिहास नै रचे । किनकि यसअघि पर्सा–१ बाट कुनै पनि उम्मेदवार लगातार दुई पटक सांसद निर्वाचित भएको रेकर्ड थिएन । २०७४ को निर्वाचनमा पर्सा–१ बाट तत्कालीन संघीय समाजवादी पार्टीका तर्फबाट उम्मेदवार बनेका यादवले नेपाली कांग्रेसका अनिल रुंगटालाई पाँच हजारभन्दा बढी मतान्तरले पराजित गर्दै पहिलो पटक संघीय सांसद बनेका थिए । त्यसपछि २०७९ को निर्वाचनमा पनि पर्सा–१ बाटै तत्कालीन जसपा नेपालका उम्मेदवार यादवले स्वतन्त्र उम्मेदवार अजय द्विवेदीलाई एक हजार सात सयभन्दा बढी मतले हराउँदै दोस्रो कार्यकाल सुरक्षित गरेका थिए ।



अब फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा नेकपा एमालेबाट मैदानमा उत्रिएका यादव लगातार तेस्रो जित निकाल्दै विजयको ‘ह्याट्रीक’ पूरा गर्ने लक्ष्यसहित चुनावी प्रतिस्पर्धामा छन् । मंगलबार पर्सा–१ बाट उम्मेदवारी दर्ता गरेपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने, ‘पर्सा–१ मा लगातार दुई पटक चुनाव जितेको इतिहास कसैको थिएन । मैले २०७४ र २०७९ मा लगातार जित्दै इतिहास बनाएको हुँ । यसपाली पनि यहीँबाट उम्मेदवार बनेको छु, र जितको ह्याट्रीक पूरा हुन्छ भन्नेमा म ढुक्क छु ।’

विगतका दुई कार्यकालमा आफू पर्सा–१ का जनताको हरेक सुख–दुःखमा सधैं साथमा रहेको दाबी गर्दै यादवले कामकै मूल्यांकनका आधारमा जनताले फेरि विजयी बनाउने विश्वास व्यक्त गरे । वीरगंजमा खानेपानीको गम्भीर संकट उत्पन्न भएको बेला आफू खानेपानी मन्त्री रहेको स्मरण गराउँदै यादवले मन्त्रालयबाट पर्याप्त बजेट ल्याएर घरघरमा पानी पुर्‍याएको बताए । ‘म मन्त्री हुँदा नै विश्व बैंकसँग पहल गरेर वीरगंजमा दीर्घकालीन समाधानका लागि साढे चार सय करोड रुपैयाँभन्दा बढीको खानेपानी आयोजना निर्माण प्रक्रिया सुरु भइसकेको छ,’ उनले भने । त्यस्तै, हैजाको महामारी फैलिँदा काठमाडौंबाट विशेषज्ञ चिकित्सकको टोली वीरगंज ल्याएर नियन्त्रण र रोकथाममा भूमिका खेलेको तथा कोरोना महामारीका बेला पनि घरभित्र नबसी जनताको घरदैलोमा पुगेको उनले दाबी गरे । यसपटक फरक दल नेकपा एमालेबाट उम्मेदवार बनेर मैदानमा उत्रिनुको कारण खुलाउँदै यादवले भने, ‘संविधान, संघीयता र लोकतन्त्रको रक्षा गर्न म एमालेमा प्रवेश गरेको हुँ । राष्ट्रप्रेम र विकासका सवालमा केपी शर्मा ओलीको चट्टानी अडानबाट प्रभावित भएर एमाले रोजेको हुँ । एमालेमा आएपनि मधेस आन्दोलनका मुद्दा मैले छोडेको छैन, र बाँकी माग सम्बोधन गर्ने क्षमता एमालेसँगै छ ।’

पर्सा–१ मा यादवसँगै नेपाली कांग्रेसका अनिल रुंगटा, रास्वपाका हरि पन्त, जसपा नेपालका रामरेश प्रसाद यादव, राप्रपाका नन्दकिशोर (नन्दु) श्रीवास्तव, उज्यालो नेपाल पार्टीका रामकिशोर सिंह पराग, नेपाली कम्युनिष्ट पार्टीका अजयकुमार चौरसिया र जनमत पार्टीका ओमप्रकाश सर्राफसहित ३० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

## महेश बस्नेतविरुद्ध जनकपुरधाममा रास्वपाको विरोध प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम।**

मधेशी समुदायप्रति आपत्तिजनक तथा भद्दा टिप्पणी गरेको आरोप लगाउँदै नेकपा एमालेका नेता महेश बस्नेतविरुद्ध जनकपुरधाममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता तथा कार्यकर्ताहरूले विरोध प्रदर्शन गरेका छन् । जनकपुरधामस्थित भानुचोकमा भेला भएका रास्वपाका नेता–कार्यकर्ताहरूले ‘महेश बस्नेत मूर्दावाद’ र ‘मधेशी समुदायको अपमान बन्द गर’ जस्ता नाराहरू लगाउँदै आक्रोश व्यक्त गरेका हुन्।

प्रदर्शनकारीहरूले सामाजिक सञ्जाल तथा सार्वजनिक मञ्चमार्फत दिइएका बस्नेतका अभिव्यक्तिले मधेशी समुदायको भावना गम्भीर रूपमा आहत भएको बताएका छन्। उनीहरूका अनुसार यस्ता अभिव्यक्तिले समुदायबीच आपसी सद्भाव कमजोर बनाउने र सामाजिक विभाजनलाई प्रश्रय दिने खतरा हुन्छ।

प्रदर्शनमा सहभागी नेताहरूले महेश बस्नेतले दिएको अभिव्यक्तिप्रति सार्वजनिक रूपमा माफी माग्नुपर्ने माग गरेका छन्। साथै, राजनीतिक जिम्मेवारीमा रहेका व्यक्तिहरूले बोल्दा संयमता र संवेदनशीलता अपनाउनुपर्नेमा जोड दिँदै गैरजिम्मेवार टिप्पणीले सामाजिक सद्भावमा नकारात्मक असर पार्ने चेतावनी दिएका छन्।

रास्वपाका स्थानीय नेताहरूले जातीय तथा क्षेत्रीय विभाजन निम्त्याउने खालका अभिव्यक्ति पूर्ण रूपमा अस्वीकार्य भएको स्पष्ट पार्दै यस्ता गतिविधि भविष्यमा दोहोरिए अझ कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्।

## जनकपुरधाममा आज भूमि लोक उत्सव हुने




**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश तथा मिथिला क्षेत्रको मौलिक संगीत, कला र संस्कृतिको संरक्षण तथा प्रवद्र्धन गर्ने उद्देश्यले आयोजना हुँदै आएको भूमि लोक उत्सवको तेस्रो संस्करण आज आयोजना हुने भएको छ ।

भूमि फाउन्डेसनको संयोजनमा जनकपुरधाममा आयोजना हुने उत्सवले स्थानीय र राष्ट्रिय स्तरका कलाकारहरूलाई एउटै मञ्चमा उभ्याउँदै मिथिला क्षेत्रको समृद्ध सांस्कृतिक पहिचान नयाँ पुस्तासम्म पुर्‍याउने लक्ष्य लिएको आयोजकले जनाएको छ ।

फाउन्डेसनका अनुसार, राष्ट्रिय मूलधारबाट पछाडि पारिँदै आएका मधेश र मिथिलाका लोकसंगीत, नृत्य तथा सांस्कृतिक अभिव्यक्तिहरूलाई पुनर्जीवित गर्ने उद्देश्यले उत्सव सञ्चालन हुँदै आएको हो ।

यस वर्षको संस्करणमा नेपाल र सीमावर्ती क्षेत्रका विभिन्न समुदायको सांगीतिक र सांस्कृतिक पहिचान झल्किने प्रस्तुति समावेश गरिनेछ । ललित एण्ड फ्रेण्ड्स, सन्तोष ओडी म्युजिक, मानिया, सुभाष वीरपुरिया, सोनु झा एण्ड टिम, रवि एण्ड सहरियाज तथा महिला होरैया समूहलगायतका कलाकारहरूले उत्सवमा आफ्ना प्रस्तुति दिने कार्यक्रम रहेको छ । यी प्रस्तुति वसन्त पञ्चमीको अवसरलाई अझ विशेष र स्मरणीय बनाउने विश्वास गरिएको छ ।

भूमि फाउन्डेसनका संस्थापक अध्यक्ष रञ्जन झाले मधेश तथा मिथिला क्षेत्रको कला र संस्कृतिको संरक्षणका लागि निरन्तर सामाजिक र वैचारिक लगानी आवश्यक रहेको बताए । उनले भूमि लोक उत्सवले स्थानीय कलाकारलाई पहिचान दिलाउँदै सांस्कृतिक पुनर्जागरणमा महत्वपूर्ण भूमिका खेल्दै आएको उल्लेख गरेका छन् ।

## सरस्वती पूजाका नाममा विकृति नफैलाउन आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जिल्ला प्रशासन कार्यालय धनुषाले सरस्वती पूजालाई मर्यादित, शालीन र सांस्कृतिक ढंगले सम्पन्न गर्न सबै सरोकारवालालाई सचेत गराएको छ । कार्यालयले जारी गरेको सूचनामा सरस्वती पूजाको अवसरमा समाजमा विकृति फैलाउने कुनै पनि गतिविधि नगर्न विशेष आग्रह गरिएको छ ।

सूचनामा डिजे बजाएर अश्लील तथा भोजपुरी गीत चलाउने, मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, कसैको इच्छाविपरीत जबरजस्ती अबिर लगाउने वा हैरानी गरिने जस्ता अवाञ्छित कार्यप्रति गम्भीर ध्यानाकर्षण गराइएको छ ।

प्रशासनका अनुसार यस्ता गतिविधिले धार्मिक तथा सांस्कृतिक पर्वको गरिमा घटाउने मात्र नभई सामाजिक सद्भावमा समेत नकारात्मक प्रभाव पार्ने भएकाले नियन्त्रण आवश्यक रहेको छ ।

जिल्ला प्रशासनले स्पष्ट पारेको छ कि विशुद्ध सांस्कृतिक कार्यक्रम बाहेक अन्य अमर्यादित गतिविधि गर्ने व्यक्तिहरू वा समूहलाई प्रचलित कानून अनुसार कडा कारबाही गरिनेछ । सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दहालद्वारा जारी सूचनामा अभिभावक, विद्यालय, युवा समूह तथा आयोजकलाई सरस्वती पूजालाई सभ्य, शान्तिपूर्ण र संस्कृतिप्रति सम्मान झल्किने रूपमा मनाउन विशेष जिम्मेवारी बहन गर्न अनुरोध गरिएको छ ।

## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन पेश




**मधेशदृष्टि**
**जनकपुरधाम ।**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव दिनेश कुमार घिमिरेले आयोगको सातौँ वार्षिक प्रतिवेदन प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णसमक्ष प्रस्तुत गरेका छन् । प्रदेश प्रमुख कार्यालयमा बिहीबार आयोजित कार्यक्रममा सचिव घिमिरेले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आर्थिक वर्ष २०८१–८२ मा आयोगले सम्पादन गरेका काम, उपलब्धि तथा सिफारिस समेटिएको प्रतिवेदन हस्तान्तरण गरेका हुन् ।

प्रतिवेदनमा संघ, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतको बाँडफाँट, वित्तीय समन्वय, राजस्व वितरण तथा विकास आयोजनामा स्रोत परिचालनसँग सम्बन्धित विविध विषयहरू समेटिएका छन् । साथै, समावेशी विकास सुनिश्चित गर्ने र संघीय संरचनाभित्र आर्थिक सन्तुलन कायम राख्ने उद्देश्यसहित आयोगले विभिन्न नीतिगत सुझावहरू पनि प्रस्तुत गरेको छ ।

प्रतिवेदन ग्रहण गर्दै प्रदेश प्रमुख कर्णले संघीय शासन प्रणालीमा आयोगको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे । उनले प्रतिवेदनमा समावेश गरिएका सुझावहरूलाई कार्यान्वयनमा लैजान सम्बन्धित निकायहरूले गम्भीर ध्यान दिनुपर्ने आवश्यकता औँल्याए ।

प्रतिवेदनले आगामी दिनमा प्रदेश तथा स्थानीय तहको वित्तीय व्यवस्थापनलाई अझ प्रभावकारी र सुदृढ बनाउन सहयोग पुग्ने विश्वास प्रदेश प्रमुख कार्यालयले व्यक्त गरेको छ ।

कार्यक्रममा प्रदेश प्रमुख कार्यालयका अधिकारीहरू तथा सम्बन्धित निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।






## विकासका लागि निष्ठाको राजनीति जरुरी



एमालेले बारा–४ मा निष्ठा, स्थिरता र विकासलाई मुख्य एजेन्डा बनाएर चुनावी अभियान अघि बढाएको जनाएको छ । उम्मेदवार श्रेष्ठको व्यक्तित्व र राजनीतिक यात्रालाई केन्द्रमा राख्दै पार्टीले ‘निष्ठाको राजनीति, विकासको ग्यारेन्टी’ भन्ने सन्देशसहित मतदातामाझ पुगिरहेको छ ।

**मधेशदृष्टि**
**बारा ।**

नेकपा एमालेका नेता तथा बारा–४ बाट फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका उम्मेदवार कृष्णकुमार श्रेष्ठ (किसान) ले निष्ठाको राजनीतिबाटै विकास सम्भव हुने बताएका छन् । उनले इमानदार राजनीति नै दीर्घकालीन विकासको ग्यारेन्टी भएको बताउँदै आफ्नो उम्मेदवारीको मूल आधार निष्ठा र जनसेवा भएको उल्लेख गरेका हुन् ।

उम्मेदवार श्रेष्ठले राजनीतिमा पद पाउनु मात्र ठूलो कुरा नभई पदमा रहँदा दाग नलाग्नु र जनताको शीर निहुरिन नदिनु नै सबैभन्दा महत्वपूर्ण विषय भएको धारणा राखेका छन् । ‘राजनीति सेवा हो, सौदाबाजी होइन,’ उनको भनाइ छ, ‘सत्ताको लोभभन्दा ठूलो कुरा जनताको विश्वास जोगाउनु हो ।’

बाराको माटोसँग गहिरो सम्बन्ध रहेको उल्लेख गर्दै उनले इमान र निष्ठालाई आफ्नो राजनीतिक यात्राको मूल पूँजी बनाउँदै आएको बताएका छन् । ‘कृषकले खेतमा बाली लगाएझैँ मैले बाराको माटोमा इमानको बाली लगाएको छु,’ उनले भने ।

उम्मेदवार श्रेष्ठले सत्ता र शक्तिको खेलमा कहिल्यै नडगमगाएको दाबी गर्दै जनताको सुख–दुःखमा सधैँ साथमा रहने प्रतिबद्धता दोहोर्‍याउनुभएको छ। उहाँका अनुसार राजनीतिक स्थायित्व, स्वच्छ छवि र जनउत्तरदायी नेतृत्व बिना विकास सम्भव हुँदैन । ‘मेरो निष्ठा नै मेरो विकासको आधार हो,’ उनले भने, ‘निष्ठाको राजनीति भयो भने विकास आफैँ पछ्याएर आउँछ ।’ उनले बारा–४ का मतदातासँग इमानदार, पारदर्शी र जवाफदेही प्रतिनिधित्वका लागि समर्थन मागेका छन् ।

## जनकपुर साहित्य महोत्सव चैत्र १२ देखि १४ सम्म आयोजना हुने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

भाषा, साहित्य, संस्कृति तथा समकालीन बौद्धिक विमर्शलाई सुदृढ बनाउने उद्देश्यका साथ आयोजना हुँदै आएको जनकपुर साहित्य महोत्सव–२०८२ को मिति परिवर्तन गरिएको छ । यसअघि माघ २२, २३ र २४ गते महोत्सव आयोजना गर्ने तयारी गरिएको थियो । तर सरकारले सोही अवधिमा आमनिर्वाचनको मिति घोषणा गरेसँगै देशभर निर्वाचनसम्बन्धी गतिविधि तीव्र हुने देखिएकाले महोत्सवको मिति परिमार्जन गरिएको आयोजकले जनाएको छ । आयोजक संस्था नव मिथिला फाउन्डेशनका अनुसार अब जनकपुर साहित्य महोत्सव–२०८२ चैत १२, १३ र १४ गते जनकपुरधामस्थित राम मन्दिर पार्कमा आयोजना हुनेछ । निर्वाचनको माहोलका कारण सहभागी लेखक, वक्ता, कलाकार तथा दर्शकको उपस्थितिमा असर पर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै मिति सारिएको आयोजकको भनाइ छ ।

महोत्सवमा राष्ट्रिय तथा स्थानीय स्तरका साहित्यकार, लेखक, कलाकार, बौद्धिक व्यक्तित्व तथा युवा पुस्ताको उल्लेख्य सहभागिता रहने अपेक्षा गरिएको छ । आयोजकका अनुसार कार्यक्रममार्फत मिथिला क्षेत्रको भाषा, साहित्य र संस्कृतिको प्रवद्र्धन गर्नुका साथै समसामयिक सामाजिक, राजनीतिक र सांस्कृतिक विषयमा गहन बहस तथा विमर्श गरिनेछ ।

पछिल्ला वर्षहरूमा जनकपुर साहित्य महोत्सवले मधेश र मिथिला क्षेत्रको साहित्यिक पहिचानलाई राष्ट्रिय स्तरमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको आयोजकको दाबी छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन